# राष्ट्रिय विकास स्वयंसेवक सेवा

## परिचयात्मक पुस्तिका
## २०७३



नेपाल सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

**राष्ट्रिय विकास स्वयंसेवक सेवा**

*बालुवाटार, काठमाडौं, नेपाल ।*


FAR WESTERN
MID WESTERN
WESTERN
CENTRAL
EASTERN
Darchula
Bajhang
Baitadi
Bajura
Doti
Achham
Kanchanpur
Kailali
Humla
Mugu
Kalikot
Jumla
Dolpa
Dailekh
Jajarkot
Rukum
Surkhet
Salyan
Rolpa
Bardiya
Banke
Pyuthan
Dang
Mustang
Manang
Myagdi
Kaski
Lumjung
Gorkha
Gulmi
Syangja
Tanahu
Palpa
Kapil-
bastu
Rupan-
dehi
Nawalparasi
Chitwan
Rasuwa
Nuwakot
Sindhu-
palchok
Dolkha
Dhading
Makwanpur
Parsa
Bara
Rautahat
Sarlahi
Sindhuli
Mahottari
Dhanusa
Siraha
Solu-
khumbu
Sankhuwa-
sabha
Taplejung
Khotang
Bhojpur
Udaypur
Saptari
Sunsari
Morang
Jhapa
Ilam
Kathmandu
Bhaktapur
Lalitpur
W
E
S
Far Western Development Region
Mid Western Development Region
Western Development Region
Central Development Region
Eastern Development Region
Region Boundary

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

*डा. मीनबहादुर श्रेष्ठ*
*उपाध्यक्ष*

मितिः..............................

पत्र संख्याः-

## मन्तव्य



राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यालयले विगतमा सञ्चालन गरेका कार्यक्रमहरूको विवरण, आर्थिक वर्ष २०७२/०७३ मा सम्पन्न भएका प्रमुख क्रियाकलापहरूको समीक्षा र आगामी दिनमा लिने कार्यदीशाबारे चर्चा गरिएको यो परिचयात्मक पुस्तिका प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ। यो पुस्तिका स्वयंसेवी व्यक्ति, संघ-संस्था, स्वतन्त्र अध्येता एंव जिज्ञासुहरू समेतलाई लाभदायी हुने विश्वास लिएको छु।

राष्ट्रिय योजना आयोगले स्वयंसेवक भई कार्य गर्न चाहने व्यक्तिहरूलाई स्वयंसेवाको अवसर प्रदान गर्ने, सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने, स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने जस्ता उद्देश्य लिई २०५६ सालदेखि कार्यान्वयनमा ल्याएको राष्ट्रिय विकास स्वयंसेवक सेवाले हालसम्म स्वयंसेवा मार्फत् विभिन्न क्षेत्रमा योगदान पुऱ्याएको छ।

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत शिक्षा, वन संरक्षण, ऊर्जा, योजना निर्माण, पूर्वाधार विकास, समूह परिचालन, आय-आर्जन, उद्यम विकास, स्वास्थ्य, कृषि, पशुसेवा जस्ता क्षेत्रहरूमा आर्थिक वर्ष २०७२/०७३ को अन्त्य सम्ममा १२,८०८ जना स्वयंसेवकहरू परिचालन भएका छन्। उल्लिखित विषयक्षेत्र मध्ये हाल यस सेवाअन्तर्गत शिक्षा, जनस्वास्थ्य, कृषिसेवा, पशुसेवा र सार्वजनिक निर्माण जस्ता जनताको जीवन स्तरमा प्रत्यक्ष प्रभाव पार्ने क्षेत्रहरूमा मुलुकका ७५ जिल्लाहरूमा विभिन्न पदका स्वयंसेवकहरू सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्न सक्रिय रहेका छन्। स्वयंसेवा प्रवर्द्धनतर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयंसेवी संघ-संस्थाहरूसँग सहकार्य र सञ्जालीकरण मार्फत् विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। स्वयंसेवकहरूको उपस्थितिबाट स्थानीयस्तरमा स्वयंसेवी भावनाको प्रवर्द्धनमा समेत सहयोग पुगेको छ।

स्वयंसेवा सबै सेवा मध्येको विशिष्ट सेवा भएकोले स्वयंसेवा मार्फत् समाज र राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सम्बन्धित सबैलाई आह्वान गर्दै यस पुस्तिका प्रकाशनमा संलग्न राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यालयका सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

(डा. मीनबहादुर श्रेष्ठ)
उपाध्यक्ष

सिंहदरवार, काठमाडौं, नेपाल, फोनः ४२११९७०, फ्याक्सः ९७७-१-४२११७००
ईमेलः minbshrestha@npc.gov.np
वेभसाईटः www.npc.gov.np

# भूमिका

सार्वजनिक सेवा प्रवाह तथा गरिवी न्यूनीकरणको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्यबाट नेपाल सरकारले राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत २०५६ साल फाल्गुण २३ गते राष्ट्रिय विकास स्वयंसेवक सेवाको स्थापना गरेको हो ।

स्थापना कालदेखि हालसम्म राष्ट्रिय विकास स्वयंसेवक सेवाले स्वयंसेवक परिचालनका साथै विभिन्न लक्षित कार्यक्रमहरू समेत संचालन गरी नेपालको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याएको छ । यसले विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्वयंसेवी संस्थाहरूसँग समन्वय र सहकार्य गरी स्वयंसेवाको प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरू समेत संचालन गरिरहेको छ ।

राष्ट्रिय विकास स्वयंसेवक सेवाले स्वयंसेवकहरूलाई नियमित जिम्मेबारीका अतिरिक्त विपद्को समयमा समेत परिचालन गर्दै आएको छ । विपद्को अवस्थामा स्वयंसेवकहरूले उद्धार, राहत, क्षतिको आँकलन, प्रभावितहरूको उपचार जस्ता कार्यहरूमा आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण सहयोग गरिआएका छन् ।

राष्ट्रिय विकास स्वयंसेवक सेवाद्वारा संचालित कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन विगत करिव दुई दशकको अनुभव र समय-समयमा भएका साना-ठूला प्रभाव मूल्याङ्कन समेतलाई आधार मानी समयानुकूल परिमार्जन हुँदै आएको छ । राष्ट्रिय विकास स्वयंसेवक सेवाको यस परिचयात्मक गतिविधि पुस्तिकामा राष्ट्रिय विकास स्वयंसेवाले विगतदेखि हालसम्म भए गरेको कार्यहरूलाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ । साथै नेपालमा सरकारी स्तरबाट संचालित स्वयंसेवक सेवा कार्यक्रमको बारेमा सरोकारवालाहरूलाई विविध जानकारीहरू पस्कने उद्देश्यले परिमार्जन सहित वार्षिक रूपमा यो पुस्तिका प्रकाशन भइरहेको छ । यस पुस्तिकाले सम्बन्धित सबैका लागि आवश्यक सूचनाहरू संप्रेषण गर्ने समेत अपेक्षा लिएको छ । यस पुस्तिकामा मुलतः विगतका महत्वपूर्ण क्रियाकलापहरू र आर्थिक वर्ष २०७२/०७३ मा सम्पन्न भएका क्रियाकलापहरू समावेश गरिएका छन् । यसका साथै, यस पुस्तिकामा आर्थिक वर्ष २०७३/०७४ को प्रथम चौमासिकको सेरोफेरोमा भएका केही महत्वपूर्ण क्रियाकलापहरूको सान्दर्भिक प्रस्तुतिलाई समेत समेटिएको छ ।

अन्त्यमा स्वयंसेवाको क्षेत्रलाई राष्ट्रिय विकास स्वयंसेवक सेवा मार्फत यस अवस्थामा ल्याई पुऱ्याउन सहयोग गर्नु हुने वर्तमानसम्मका राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूहरू, माननीय सदस्यज्यूहरू, श्रीमान् सदस्य-सचिवज्यूहरू, अन्य पदाधिकारी, राष्ट्रिय विकास स्वयंसेवक सेवाका कर्मचारीहरू, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संघ-संस्थाहरूप्रति राष्ट्रिय विकास स्वयंसेवक सेवा हार्दिक कृतज्ञता ज्ञापन गर्दछ र सदाझैं सहयोग र सद्भावको आशा राख्दछ ।

राष्ट्रिय विकास स्वयंसेवक सेवा
बालुबाटार, काठमाडौं ।

# राष्ट्रिय विकास स्वयंसेवक सेवा शाखा

| सि.नं. | पद | नाम |
|---|---|---|
| १. | निर्देशक | शिवराज चौलागाई |
| २. | योजना अधिकृत | राजकुमार अधिकारी |
| ३. | योजना अधिकृत | शिवकुमार अधिकारी |
| ४. | लेखा अधिकृत | बिष्णु बस्याल |
| ५. | कम्प्युटर अधिकृत | बुद्धरत्न महर्जन |
| ६. | खरिदार | तुलसीराम पुडासैनी |

# विषय-सूची


**परिच्छेद १ पृष्ठभूमि** १

१.१ परिचय १

१.२. उद्देश्य २

१.३. कार्य क्षेत्र २

१.४. संस्थागत एवम् कार्यान्वयन व्यवस्था २

१.५. कार्यक्रम सञ्चालनका आधारहरु ३

**परिच्छेद २ विगतका प्रमुख क्रियाकलापहरु** ४

२.१. दलित सामाजिक विकास कार्यक्रम ४

२.२. आदिवासी जनजाति विकास कार्यक्रम ४

२.३. नमूना गाउँ विकास कार्यक्रम ५

२.४. स्यामुलउन्दुङ्ग गाउँ विकास अनुसरण परियोजना ५

२.५.Low HDI जिल्लाहरूमा स्वयंसेवक परिचालन ५

२.६. युवा स्वयंसेवक परिचालन कार्यक्रम ६

२.७. स्थानीय स्वयंसेवक परिचालन ६

२.८. ग्रामीण स्वयंसेवक परिचालन ६

२.९. OJT/Intern स्वयंसेवक परिचालन ६

२.१०. अप्राविधिक स्वयंसेवक परिचालन ७

२.११. कार्यक्रममा परिमार्जन ७

२.१२. विपद व्यवस्थापनमा स्वयंसेवक परिचालन ७

२.१३. विपदमा सहकार्य ८

**परिच्छेद ३ स्वयंसेवक परिचालन** ९

३.१ परिचालनको विषय क्षेत्र ९

३.२ भर्ना प्रकृया ९

३.३ परिचालनका पदहरु/कार्यरत रहने सेवा केन्द्रहरु १०

३.४ परिचालनको मोडालिटी ११

३.५ आवेदन सम्बन्धी व्यवस्था ११

३.६ स्वयंसेवकको नियुक्ति १२

३.७ दरबन्दीको व्यवस्था १२

३.८ स्वयंसेवकको क्षमता विकास १६

३.९ स्वयंसेवकको उत्तरदायित्व १६

३.१० स्वयंसेवकको जिम्मेवारी १७

३.११ स्वयंसेवक संयोजकको जिम्मेवारी १७

३.१२ सार्वजनिक सेवा प्रवाह र स्वयंसेवक १८

३.१३ स्वयंसेवकले पालन गर्नुपर्ने आचरणहरु २४

३.१४ अवकाश २४

**परिच्छेद ४  सुविधा तथा सेवाशर्त** २५
४.१ कार्य अवधि २५
४.२ विदाको व्यवस्था २५
४.३ निर्वाह भत्ता २६
४.४ पर्व खर्च २७
४.५ संयोजक भत्ता २७
४.६ भ्रमण खर्च २७
४.७ कार्यशर्त २७
**परिच्छेद ५  स्वयंसेवा** ३१
५.१ स्वयंसेवा ३१
५.२ स्वयंसेवक ३२
५.३ असल स्वयंसेवकमा हुनुपर्ने गुणहरु ३२
**परिच्छेद ६  स्वयंसेवाको प्रवर्द्धन** ३३
६.१ अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस ३३
६.२ स्वयंसेवी/सामुदायिक संस्था सहयोग कार्यक्रम ३३
६.३ स्वयंसेवाबारे वृत्तचित्र, रेडियो तथा टेलिभिजन वहस कार्यक्रम ३३
६.४ स्वास्थ्य शिविर सहयोग कार्यक्रम ३३
६.५ स्वयंसेवक आदान-प्रदान कार्यक्रम ३४
६.६ स्वयंसेवी संस्थाहरुको प्रोफाइल प्रकाशन ३४
६.७ उत्कृष्ट स्वयंसेवक सम्मान कार्यक्रम ३४
**परिच्छेद ७  व्यवस्थापकीय पक्षहरु** ३५
७.१ वित्तीय स्रोत व्यवस्था ३५
७.२ अनुगमन तथा मूल्याङ्कन व्यवस्था ३५
७.३ Volunteer Management Information System (VMIS) ३५
**परिच्छेद ८  योजनामा स्वयंसेवा** ३९
८.१ आठौं योजना (२०४९-२०५४) ३९
८.२ नवौं योजना (२०५४ - २०५९) ३९
८.३ दशौं योजना (२०५९ - २०६४) ३९
८.४ तीन वर्षीय अन्तरिम योजना (२०६५ - २०६७) ३९
८.५ तीन वर्षीय योजना (२०६८ - २०७०) ३९
८.६ तेर्हौं योजना (२०७१ - २०७३) ४१
८.७ चौधौं योजनाको आधारपत्र (२०७४ - २०७६) ४४
८.८ अन्य नीति तथा कार्यक्रम ४५
**परिच्छेद ९  कार्यक्रमको सान्दर्भिकता, उपलब्धी र आगामी कार्यदीशा** ४७
९.१ सान्दर्भिकता ४७

९.२ उपलव्धी ४७
९.३ आर्थिक वर्ष २०७२/०७३ का मुख्य उपलव्धीहरु ४९
९.४ कार्यदीशा ४९
**परिच्छेद १० सहकार्य र साझेदारी** ५१
१०.१ सहकार्य र साझेदारी ५१
**अनुसूची-१ आर्थिक वर्ष २०७२/०७३ का केही तथ्याङ्कहरु** ५७
**अनुसूची-२ केही ग्राफिकल प्रस्तुतिहरु** ५९
**अनुसूची-३ स्वयंसेवकहरुको माग संकलन फाराम** ६२
**अनुसूची-४ स्वयंसेवकले सम्पादन गरेको कार्यको अनुगमन/मूल्यांकन फाराम** ६३
**अनुसूची-५ उत्कृष्ट स्वयंसेवकहरु (आ.ब. २०७२/०७३)** ६४
**अनुसूची-६ उत्कृष्ट स्वयंसेवकहरु (आ.ब. २०७१/०७२)** ६६
**अनुसूची-७ विभिन्न समयमा राष्ट्रिय विकास स्वयंसेवक सेवामा कार्यरत कर्मचारीहरु** ६८
**तस्वीरहरुको झलक** ७०

# परिच्छेद १

## पृष्ठभूमि

### १.१ परिचय

नेपाली समाजमा स्वयंसेवाको अभ्यास परापूर्वकालदेखि नै हुने गरेको पाइन्छ । परम्परागत रूपले हेर्दा नेपालमा सयौँ वर्षदेखि स्वयंसेवा गर्ने उद्देश्यले समुदायमा आधारित कार्यहरू हुदै आएका छन् । तथापि समयक्रममा यसका पद्धति, तरिका तथा कार्यशैली एवम् स्वरूपमा परिवर्तन हुँदै आएको छ ।

सामाजिक रूपमा पहिलेदेखि चलिआएका रोदी, पोसाङ्ग, मिर्चाङ्ग, ढिकुर, किपट, बडघर, पर्म, भेजा, खयाल, चोहो, आमा समूह, गोला, गुठी, पानी कुलो र पंधेरो व्यवस्थापन, धर्मशाला तथा पाटीपौवा निर्माण जस्ता सामाजिक कार्यहरू स्वयंसेवाको भावनाबाट प्रेरित भएको पाइन्छ ।

नेपालमा आधुनिक स्वयंसेवी संस्थाको रूपमा सर्वप्रथम नेपाल चर्खा प्रचारक महागुठीले कार्य प्रारम्भ गरेको पाइन्छ । समयक्रममा परोपकार संस्था, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी आदि संस्थाहरू स्वयंसेवाको भावनाबाट प्रेरित भई क्रियाशील रहँदै आएका छन् । हालको अवस्थामा सरकारी, गैर-सरकारी तथा अन्तर्राष्ट्रिय संगठन/संघ-संस्था समेत स्वयंसेवी क्रियाकलाप मार्फत स्वयंसेवक परिचालन र स्वयंसेवी भावनाको प्रवर्द्धनमा सक्रिय रहेका छन् । आधुनिक नेपाली समाजमा पनि परम्परागत स्वयंसेवा विद्यामान छ भने संगठित एवं व्यावसायिक स्वयंसेवाको अभ्यासमा पनि क्रमशः वृद्धि हुँदै गएको छ । परम्परागत स्वयंसेवामा मन भएका र हुनेहरूले गर्ने र गरे वापत कुनै लाभ नलिने अवस्था रहेको छ । अर्को तर्फ संगठित एवं व्यावसायिक स्वयंसेवा जहाँ ज्ञान, सीप, क्षमताको उपयोग वा आदानप्रदानको कुरा आउँछ, त्यहाँ सो वापत मूल्य लिने गरिन्छ । यसर्थ, नेपालमा अहिले परम्परागत स्वयंसेवा र संगठित एवं व्यावसायिक स्वयंसेवा दुबैको अभ्यास विद्यमान छ ।

नेपाल सरकारका विभिन्न आवधिक योजनाहरूले लिएको सार्वजनिक सेवा प्रवाह र गरिबी न्यूनीकरणको उद्देश्य प्राप्तिमा सहजीकरण गर्न  राष्ट्रिय विकास स्वयंसेवक सेवाले स्थापना कालदेखि हालसम्म विकासका विविध पक्षहरुमा योग्यता हासिल गरेका, सीपयुक्त एवम् राष्ट्रिय विकासको कार्यमा उत्साहित भई संलग्न हुन चाहने व्यक्तिहरूलाई स्वयंसेवकको रूपमा परिचालन गर्दै आएको छ । आर्थिक वर्ष २०५५/०५६ मा मुलुकका २० जिल्लाहरूमा २२० जना स्वयंसेवक परिचालन गरी कार्यक्रम शुरू गरिएको हो । हाल यसको पहुँच ७५ जिल्लामा विस्तारित भई आर्थिक वर्ष २०७२/०७३ को आषाढ मसान्त सम्ममा १२८०८ जनाले स्वयंसेवक भई योगदान पुऱ्याएका छन् । राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत संचालित राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम सरकारको स्वयंसेवी गतिविधिलाई अघि बढाउने भरपर्दो संरचनाको रूपमा विकास हुँदै गएको छ ।

हाल यस सेवाले जनस्वास्थ्य, पशुसेवा, कृषि, शिक्षा र सार्वजनिक निर्माणका क्षेत्रहरूमा जिल्ला विकास समितिहरू र अन्य सम्बद्ध विषयगत कार्यालयहरूमार्फत स्वयंसेवकहरू परिचालन गरिरहको छ । साथै, केही सहकारी, शिक्षालय तथा सामुदायिक संघ-संस्थाहरूसँग सहकार्य गरी स्वयंसेवकहरू परिचालन गरिएको छ । यसरी परिचालित स्वयंसेवकहरू, जिल्ला विकास समितिहरू/विषयगत कार्यालयहरू र संघ-संस्थाहरूको आवश्यकता अनुसार सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने गरी कार्यरत रहेका छन् । साथै, राष्ट्रिय विकास स्वयंसेवक सेवा र समान कार्य प्रकृति भएका राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसँग सञ्जालीकरण गरी स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने कार्य पनि अघि बढिरहेको छ ।

## १.२. उद्देश्य

राष्ट्रिय विकास स्वयंसेवक सेवाका उद्देश्यहरू निम्न रहेका छन् :-

- सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने,
- गरिवी न्यूनीकरण गर्ने लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने,
- स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने ।

## १.३. कार्य क्षेत्र

राष्ट्रिय विकास स्वयंसेवक सेवाका कार्य क्षेत्र यस प्रकार रहेको छ :-

- स्वयंसेवक परिचालन,
- स्वयंसेवाको प्रवर्द्धन,
- सहकार्य र सञ्जालीकरण,
- क्षमता विकास,
- अध्ययन अनुसन्धान,
- सूचना व्यवस्थापन,
- अनुगमन तथा मूल्यांकन ।

## १.४. संस्थागत एवम् कार्यान्वयन व्यवस्था

राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रमलाई नीतिगत मार्गदर्शन प्रदान गर्न र कार्यक्रम कार्यान्वयनलाई व्यवस्थापन गर्न निम्नानुसारका व्यवस्थाहरू रहेका छन् ।

### १.४.१ निर्देशक समिति

राष्ट्रिय विकास स्वयंसेवक सेवालाई स्वयंसेवा र स्वयंसेवक परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहाय अनुसारको निर्देशक समिति गठन भएको छ :-

| | |
|---|---|
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | अध्यक्ष |
| सदस्यहरु सबै, राष्ट्रिय योजना आयोग | सदस्य |
| सदस्य-सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय (NDVS हेर्ने) | सदस्य-सचिव |

१.४.२ कार्यकारी समिति

राष्ट्रिय विकास स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालनमा व्यवस्थापकीय निर्देशन एवम् निर्णय गर्न देहाय अनुसारको कार्यकारी समिति गठन भएको छः-

| | |
|---|---|
| सदस्य, राष्ट्रिय योजना आयोग (NDVS हेर्ने) | अध्यक्ष |
| सदस्य सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय (NDVS हेर्ने), | सदस्य |
| निर्देशक, राष्ट्रिय विकास स्वयंसेवक सेवा | सदस्य-सचिव |

१.४.३ कार्यान्वयन व्यवस्था

राष्ट्रिय विकास स्वयंसेवक सेवा राष्ट्रिय योजना आयोगको सचिवालयको एक शाखा हो । हाल यो शाखा राष्ट्रिय योजना आयोगको सचिवालयको उर्जा, वातावरण र प्रशासन महाशाखा अन्तर्गत रहेको छ । जनसम्पर्क, समन्वय तथा व्यवस्थापकीय सहजताको दृष्टिबाट राष्ट्रिय योजना आयोगको सचिवालयले राष्ट्रिय विकास स्वयंसेवक सेवाको लागि छुट्टै कार्यालय व्यवस्था गर्नुका साथै कार्यक्रम कार्यान्वयनको लागि निम्न अनुसारका जनशक्तिको व्यवस्था गरिएको छः-

| | |
|---|---|
| निर्देशक (रा.प.द्वित्तीय) | १ जना |
| योजना अधिकृत (रा.प.तृतीय) | २ जना |
| ना.सु. (प्रशासन, रा.प.अनं.प्र.) | १ जना |
| लेखापाल (लेखा, रा.प.अनं.प्र.) | १ जना |
| कम्प्युटर अपरेटर (रा.प.अनं.प्र.) | १ जना |
| हलुका सवारी चालक | १ जना |
| कार्यालय सहयोगी | १ जना |

१.४.४ अन्य जनशक्ति व्यवस्थापन

उपरोक्त बाहेक यस सेवाको स्वयंसेवक परिचालन, अनुगमन, स्वयंसेवा सम्बन्धी सूचना व्यवस्थापन तथा दैनिक अन्य कार्यहरू सम्पादन गर्न थप जनशक्ति आवश्यक परेका बखत सेवा करारमा लिई काममा लगाउने व्यवस्था छ ।

## १.५ कार्यक्रम संचालनका आधारहरु

राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम संचालनका आधारहरू निम्नानुसार रहेका छन् :-

- आवधिक योजना,
- सरकारको वार्षिक नीति तथा कार्यक्रम,
- वार्षिक बजेट,
- वार्षिक विकास कार्यक्रम (भाग-१),
- स्वीकृत वार्षिक कार्यक्रम,
- स्वयंसेवक परिचालन कार्यविधि-२०६८,
- निर्देशक समिति/कार्यकारी समितिका निर्णयहरु,
- अर्थ मन्त्रालयका निर्णय एवं परिपत्रहरु,
- दातृ निकायसँगका परस्पर सम्झौताहरु,
- सचिवालयबाट प्रत्यायोजित अधिकार ।

# परिच्छेद २

## विगतका प्रमुख क्रियाकलापहरू

राष्ट्रिय विकास स्वयंसेवक सेवाले आफनो हालसम्मको अवधिमा स्वयंसेवक परिचालन तथा स्वयंसेवाको प्रवर्द्धनको लागि विभिन्न कृयाकलापहरू सञ्चालन गर्दै आएको छ । स्वयंसेवक परिचालनको अलावा यस सेवाले विभिन्न समयमा लक्षित कार्यक्रमहरू समेत सञ्चालन गरेको छ । त्यस्ता कार्यक्रमहरूले लक्षित वर्गमा राम्रो प्रभाव पारेको अध्ययन-अनुसन्धानहरूले देखाएका छन् । संस्थागत सम्झनालाई समेत जोगाइराख्न राष्ट्रिय विकास स्वयंसेवक सेवाले सम्पादन गरेका तिनै मुख्य-मुख्य क्रियाकलापहरूको बारेमा संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ :-

### २.१. दलित सामाजिक विकास कार्यक्रम

अति पिछडिएका दलित वर्गको जीवनस्तर ज्यादै न्यून रहेको र शिक्षा, स्वास्थ्य, सरसफाइ, पोषण आदि मानव विकासका विविध सूचकाङ्कहरुमा पछि परेको हुँदा यस्ता वर्गको समस्याहरुलाई दृष्टिगत गरी नमूनाका रुपमा आर्थिक वर्ष २०५८/०५९ देखि दलित सामाजिक विकास कार्यक्रम स्वयंसेवकहरूको अगुवाईमा कार्यान्वयनमा ल्याइएको थियो ।

दलित वर्गको घना आवादी रहेका सप्तरी, सिराहा, उदयपुर, धनुषा, महोत्तरी, बाँके, बर्दिया, सुर्खेत, दैलेख र कैलाली गरी १० जिल्लाहरुमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । प्रत्येक जिल्लामा जिल्ला विकास समितिहरूबाट कार्यक्रम लागू गर्न गाउँ विकास समितिहरूको छनौट गर्ने व्यवस्था गरिएको थियो । एक जिल्लामा ३ देखि १० गाउँ विकास समितिहरू चयन गरिएका थिए । यो कार्यक्रम कार्यान्वयनका लागि जिल्ला स्तरमा महिला विकास संयोजक तथा प्रत्येक गाउँ विकास समितिमा महिला स्वास्थ्य कार्यकर्ता, सामाजिक परिचालक र ग्रामीण महिला स्वयंसेवकहरु परिचालन गरिएका थिए ।

यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूमा दलित वर्गका महिलाहरुको लागि अनौपचारिक शिक्षा, खानेपानी तथा सरसफाई कार्यक्रम, बीउ पूँजी परिचालन, ग्रामीण क्षेत्रमा जन-चेतना अभिवृद्धि गर्ने, नमूना शौचालय निर्माण गर्ने, समुदायका लागि आवश्यक पर्ने तालिम प्रदान गर्ने, आधारभूत स्वास्थ्य स्थितिमा सुधार गर्न स्वास्थ्य सेवा विस्तार गर्ने र ती लक्षित दलित महिलाहरुका लागि सामाजिक परिचालनको माध्यमद्वारा आय-आर्जन कार्यक्रम सञ्चालन भएका थिए । यो कार्यक्रम कार्यान्वयन गर्दा केन्द्रीय स्वयंसेवकको रूपमा खटिएका महिला विकास संयोजकको नेतृत्वमा स्थानीय स्वयंसेवकहरू समेत परिचालन हुने व्यवस्था मिलाइएको थियो ।
कार्यक्रम कार्यान्वयन गर्न जिल्लागत रूप मै वार्षिक कार्यक्रम स्वीकृत गरी राष्ट्रिय योजना आयोगको सचिवालयबाट जिल्ला विकास समितिहरूलाई सिधै अख्तियारी पठाउने व्यवस्था थियो ।

### २.२. आदिवासी जनजाति विकास कार्यक्रम

आर्थिक बर्ष २०६२/२०६३ देखि बृटिस अन्तर्राष्ट्रिय सहयोग निकाय DFID को सहयोगमा कार्यान्वयनमा आएको आदिवासी तथा जनजाति विकास कार्यक्रम शुरूमा ४ जिल्लाहरू बाग्लुङ्ग, म्याग्दी, डडेलधुरा र कपिलवस्तुमा शुरू गरिएकोमा पछि आर्थिक वर्ष २०६५/६६ देखि ताप्लेजुङ्ग, रौतहट, सर्लाही, झापा र कंचनपुर समेत थप गरी ९ जिल्लाहरूमा विस्तार गरिएको थियो । यस कार्यक्रम अन्तर्गत आदिवासी तथा जनजाति समुदायलाई लक्षित गरी अनौपचारिक शिक्षा, बीउ पूँजी परिचालन, प्राथमिक स्वास्थ्य सेवा, आय-आर्जन तथा स-साना पूर्वाधार निर्माण जस्ता कार्यक्रम कार्यान्वयन गरिएका थिए । दलित सामाजिक विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूलाई नै यस कार्यक्रममा पनि समावेश गरी कार्यक्रम कार्यान्वयन गरिएको थियो । यो कार्यक्रम कार्यान्वयनका लागि जिल्लाहरुमा सह-योजनाकार, सामाजिक परिचालक, स्वास्थ्य कार्यकर्ता तथा अनौपचारिक

शिक्षाका लागि ग्रामीण तहका स्वयंसेवकहरु परिचालित थिए । कार्यक्रम कार्यान्वयन गर्न जिल्लागत रूप मै वार्षिक कार्यक्रम स्वीकृत गरी राष्ट्रिय योजना आयोगको सचिवालयबाट जिल्ला विकास समितिहरूलाई सिधै अख्तियारी पठाउने व्यवस्था थियो ।

## २.३. नमूना गाउँ विकास कार्यक्रम

नेपालमा योजनावद्ध विकासको थालनी वि.स. २०१३ सालबाट भएको र योजनावद्ध विकासको ५० वर्ष पुगेको उपलक्ष्यमा राष्ट्रिय योजना आयोगले पाँचै विकास क्षेत्रका हिमाल, पहाड र तराईको प्रतिनिधित्व हुने गरी हरेक विकास क्षेत्रहरूबाट ३/३ वटा गरी १५ वटा गाउँ विकास समितिहरू ताप्लेजुङ्गको ओलाङचुङ्गोला गा.वि.स., रसुवाको हाँकु गा.वि.स., गोरखाको केरौजा गा.वि.स., मुगुको मुगु गा.वि.स., बाजुराको कैलाशमाण्डौ गा.वि.स., खोटाङको लामिडाँडा गा.वि.स., सिन्धुपाल्चोकको गुम्बा गा.वि.स., गुल्मीको बडागाउँ गा.वि.स., जाजरकोटको डाँडागाउँ गा.वि.स., अछामको मुली गा.वि.स., दाङको राजपुर गा.वि.स., सिरहाको कल्याणपुर (कालाबन्जार) गा.वि.स., महोत्तरीको भडाहा गा.वि.स., कपिलवस्तुको पटना गा.वि.स. र कैलालीको पण्डौन गा.वि.स.लाई छनौट गरेको थियो । त्यस्ता गाउँ विकास समितिहरूलाई नमूना गाउँ विकास समितिको रूपमा विकास गर्न कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएको थियो । यस कार्यक्रम कार्यान्वयनका लागि गाउँ कार्यक्रम संयोजक, सामाजिक परिचालक, स्वास्थ्य- कार्यकर्ता जस्ता स्वयंसेवकहरू परिचालन गरिएका थिए । आर्थिक वर्ष २०६४/६५ देखि २०६७/६८ सम्म कार्यान्वयन गरिएको यस कार्यक्रम अन्तर्गत सामुदायिक भवन निर्माण, खानेपानीको लागि कल/धारा निर्माण, नमूना सार्वजनिक शौचालय निर्माण, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षणसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रमहरू संचालन गरिएका थिए । कार्यक्रम कार्यान्वयन गर्न जिल्लागत रूप मै वार्षिक कार्यक्रम स्वीकृत गरी राष्ट्रिय योजना आयोगको सचिवालयबाट जिल्ला विकास समितिहरूलाई सिधै अख्तियारी पठाउने व्यवस्था थियो ।

## २.४. स्यामुलउन्दुङ्ग गाउँ विकास अनुसरण परियोजना

सन् १९७० को दशकमा कोरियन ग्रामीण जनजीवनलाई आधुनिकीकरण तर्फ लैजान युगान्तकारी परिणाम प्राप्त गर्न सफल कोरियन शैलीको Saemaul Undong कार्यक्रमलाई Best Practices को रूपमा अनुशरण गर्न क्याम्बोडिया र लाओस गणतन्त्र संगै नेपालको पनि चयन गरियो । राष्ट्रिय योजना आयोगले कपिलबस्तु जिल्लाका भुसिया समुदाय (हरिहरपुर गाउँ विकास समिति) र मदवा समुदाय (चनई गाउँ विकास समिति) हरूको चयन गरी आर्थिक वर्ष २०६१/६२ देखि नमूनाको रूपमा यस कार्यक्रमलाई कार्यान्वयनमा ल्याइएकोमा आर्थिक वर्ष २०६४/६५ देखि परियोजनाको समयावधी समाप्त भयो । परियोजनाको लागि आर्थिक सहयोग कोरियन अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) ले प्रदान गरेको थियो । समुदायको लागि तयार पारिएको परियोजनाको कार्यान्वयन कार्ययोजनामा विभिन्न १९ वटा विषय क्षेत्रहरूलाई समेटिएको थियो । यस कार्यक्रम अर्न्तगत उल्लिखित २ वटा समुदायहरूमा सिंचाइ, विद्युत, सडक तथा पुल, सामुदायिक भवन, सञ्चार, सामुदायिक वन, महिला विकास, कृषि विकास, पशुपालन, कृषि ऋण, स्वास्थ्य, खानेपानी, सरसफाइ, सुधारिएको चुल्हो तथा गोवरग्याँस, बसोवास, शिक्षा, धर्म-संस्कृति र खेलकुद, तटबन्ध निर्माण र सीप विकासका कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गरिएका थिए । यो कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय विकास स्वयंसेवकद्वारा परिचालित स्वयंसेवकहरू सह-योजनाकार, सामाजिक परिचालक, स्वास्थ्य कार्यकर्ता, स्थानीय स्वयंसेवकहरूलाई समेत समन्वयात्मक ढंगबाट परिचालन गरिएको थियो ।

## २.५. Low HDI जिल्लाहरूमा स्वयंसेवक परिचालन

आर्थिक बर्ष २०६२/६३ देखि न्यून मानव विकास सूचकाङ्क भएका जिल्लाहरु रसुवा, कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला, दार्चुला र बाजुरा गरी ८ जिल्लाहरूमा केन्द्रीय तहका अंग्रेजी, विज्ञान र गणित विषयका सामुदायिक शिक्षा विज्ञ/सहजकर्ता तथा स्वास्थ्य सहायक स्वयंसेवकहरु परिचालन गरिएका थिए । आर्थिक वर्ष २०६७/६८ को फाल्गुण मसान्त देखि कार्यक्रम विस्तार गरी सबै हिमाली एवं उच्च पहाडी क्षेत्रका ३५ जिल्लाहरूमा माध्यमिक तथा उच्च माध्यमिक तहका अंग्रेजी, विज्ञान र गणित विषयका शिक्षकहरू खटाईएका थिए ।

### २.६. युवा स्वयंसेवक परिचालन कार्यक्रम

स्वयंसेवा मार्फत विकासका कार्यक्रमहरूलाई दिगो रूपमा अघि बढाउने लक्ष्य राखी आर्थिक वर्ष २०६६/६७ मा युवा स्वयंसेवक परिचालन कार्यक्रम अन्तर्गत विकास सहजकर्ता प्राविधिक/अप्राविधिक, शिक्षक/शिक्षिका तथा समुदाय सहजकर्ता स्वयंसेवकहरूलाई देशका विभिन्न ३० जिल्लाहरूमा ९ महिना समयावधीको लागि परिचालन गरियो । यो कार्यक्रम अर्न्तगत शुरूमा ६०४ जना र पछि आवश्यकतामा आधारित भएर थप २८५ जना समेत गरी ८८९ जना स्वयंसेवक परिचालन गरिएको थियो ।

### २.७ स्थानीय स्वयंसेवक परिचालन

विगतमा राष्ट्रिय विकास स्वयंसेवक सेवाले स्थानीय निकायको छनौट एवम् सिफारिसमा समेत स्वयंसेवकहरू परिचालन गरेको थियो । यसरी स्वयंसेवक परिचालन गर्दा स्थानीय आवश्यकता एवम् मागलाई मध्यनजर गरी निर्धारित कार्यक्रम अनुसार स्थानीय स्वयंसेवकहरुको संख्या एवम् प्रकार एकिन हुने गर्दथ्यो । निर्धारित संख्याका स्वयंसेवकहरु परिचालन गर्न सम्बन्धित जिल्लाका स्थानीय विकास अधिकारीको संयोजकत्वमा गठित छनौट समितिबाट छनौट प्रक्रिया पूरा गरी नियुक्तिका लागि राष्ट्रिय विकास स्वयंसेवक सेवामा सिफारिस पठाउने र तत्पश्चात स्वयंसेवकहरु नियुक्ति गर्ने गरिन्थ्यो । सामाजिक परिचालक, सब-इन्जिनियर, कृषि तथा भेटेनरी विषयका जे.टि/जे.टि.ए., ल्याब असिस्टेन्ट, अ.हे.ब., अ.न.मी., उद्यम विकास सहजकर्ता, शिक्षक/शिक्षिकाहरूको रुपमा स्थानीय स्वयंसेवकहरु परिचालन गरिएका थिए ।

### २.८ ग्रामीण स्वयंसेवक परिचालन

राष्ट्रिय विकास स्वयंसेवक सेवाको लक्षित कार्यक्रमहरू संचालन गर्नका लागि समुदायका दलित, जनजाति तथा आदिवासीहरूलाई सदस्य बनाई प्रत्येक जिल्लामा बढीमा १२/१२ वटा समूहहरू गठन गरी १९ जिल्लाहरूमा कार्यक्रम कार्यान्वयनमा ल्याइएको थियो । ती समूहका सदस्यहरुलाई साक्षरता कक्षा संचालन गर्न ग्रामीण स्वयंसेवक शिक्षिकाहरुको व्यवस्था गरिएको थियो । कम्तीमा ८ कक्षा देखि एस.एल.सी. उतीर्ण गरेका ग्रामीण स्वयंसेवक शिक्षिका/सहजकर्ताहरूले मूलतः दलित, आदिबासी/जनजाति महिलाहरूको समूहलाई लक्षित गरी प्रतिदिन २ घण्टाका दरले साक्षरता कक्षा संचालन गर्ने गर्दथे । साक्षरता कक्षाको लागि पहिलो पाइला र दोस्रो पाइलाको एक वर्षको कोर्ष संचालन गरिएको थियो ।

महिला विकास संयोजक वा सहयोजनाकार वा केन्द्रीय स्वयंसेवकले दलित, आदिबासी/जनजातिहरुलाई समेटी समूह निर्माण गर्ने र समूहको निर्णय अनुसार ग्रामीण स्वयंसेवक शिक्षिका/सहजकर्ताहरू छनौट गरी निजहरुको नियुक्तिको लागि सम्बन्धित जिल्ला विकास समितिले राष्ट्रिय विकास स्वयंसेवक सेवामा पठाउने व्यवस्था मिलाइएको थियो । यसरी नियुक्ति गरिने ग्रामीण स्वयंसेवक शिक्षिका/सहजकर्ताहरूको कार्य अवधि १ वर्षको हुने र उनीहरू दलित/आदिबासी जनजाति समुदायबाट छनौट गर्नुपर्ने व्यवस्था मिलाइएको थियो ।

### २.९ OJT/Intern स्वयंसेवक परिचालन

राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट विभिन्न संस्थाबाट सामाजिक परिचालन तथा अन्य विषयमा तालिम लिएका र निर्धारित परीक्षा उतीर्ण गर्न On the Job Training (OJT) को रूपमा अनिवार्य कार्य गर्नुपर्ने शैक्षिक प्रावधान भए अनुसार त्यस्ता संस्थाहरूबाट सिफारिस भै आएका प्रशिक्षार्थीहरूलाई ३ देखि ६ महिना अवधिका लागि OJT अन्तर्गत विभिन्न जिल्लामा स्वयंसेवकका रूपमा परिचालन गरिएको थियो । यसरी खटाईने OJT स्वयंसेवकहरूको सुविधा स्थानीय स्वयंसेवक सरह हुने व्यवस्था गरिएको थियो । त्यसै गरी विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई सम्बन्धित शैक्षिक निकायहरूको सिफारिसमा बढीमा ६ महिनाको लागि Intern स्वयंसेवकको रूपमा परिचालन गरिएको थियो । Intern स्वयंसेवकहरूको सेवा सुविधा भौगोलिक बनौट अनुसार हुने गरी बेग्लै व्यवस्था गरिएको थियो ।

## २.१० अप्राविधिक स्वयंसेवक परिचालन

राष्ट्रिय विकास स्वयंसेवक सेवाले विगतमा साधारण (गैर-प्राविधिक) स्वयंसेवकहरू पनि परिचालन गरेको थियो । समूह निर्माण, साक्षरता कक्षा सञ्चालन, विउपूँजी परिचालन जस्ता क्रियाकलापहरू समुदाय स्तरबाटै स्वयंसेवकहरूको अगुवाईमा सञ्चालन गर्न साधारण तर्फका स्वयंसेवकहरू परिचालन गरिएका थिए । दलित सामाजिक विकास कार्यक्रम, आदिबासी जनजाति विकास कार्यक्रम, नमूना गाउँ विकास कार्यक्रम, Saemaul Undong गाउँ विकास अनुशरण कार्यक्रम सञ्चालन गर्न विभिन्न विषय क्षेत्रका साधारण स्वयंसेवकहरू परिचालन गरिएका हुन् । महिला विकास संयोजक, सह-योजनाकार, गाउँ विकास संयोजक, सामाजिक परिचालक, उद्यम सहजकर्ता र ग्रामीण महिला सहजकर्ता जस्ता पद र जिम्मेवारीमा साधारण तर्फका स्वयंसेवकहरू परिचालित भएका थिए ।

## २.११ कार्यक्रममा परिमार्जन

राष्ट्रिय विकास स्वयंसेवक सेवाले आर्थिक वर्ष २०५५/०५६ देखि नै प्राविधिक/अप्राविधिक स्वयंसेवकहरूको परिचालन र आर्थिक वर्ष ०५८/०५९ देखि लक्षित कार्यक्रमहरू समेत कार्यान्वयन गर्दै आएकोमा लक्षित कार्यक्रमका कतिपय क्रियाकलापहरू अन्य सरकारी निकाय र संघ-संस्थाहरूले संचालन गर्दै आएका कार्यक्रमहरूसँग Duplication हुन गएको अवस्था थियो । त्यसैगरी अप्राविधितर्फका स्वयंसेवकहरूको परिचालन र व्यवस्थापनमा गुणस्तरीयता कायम हुन सकेको थिएन । यिनै कुराहरूलाई मध्यनजर गरी राष्ट्रिय विकास स्वयंसेवक सेवाको कार्यकारी समितिको मिति २०६७/४/११ गतेको वैठकले निम्न कार्यक्रम/क्रियाकलापहरू Phase Out गर्ने निर्णय गर्दै कार्यक्रममा परिमार्जन गरेको थियो । जुन आर्थिक वर्ष २०६७/०६८ बाट कार्यान्वयनमा ल्याइयो ।

- दलित सामाजिक विकास कार्यक्रम
- आदिबासी जनजाति विकास कार्यक्रम
- नमूना गाउँ विकास कार्यक्रम
- अप्राविधिक स्वयंसेवक परिचालन
- स्थानीय स्वयंसेवक परिचालन
- ग्रामीण स्वयंसेवक परिचालन

तत्पश्चात राष्ट्रिय विकास स्वयंसेवक सेवा स्वयंसेवक परिचालन, स्वयंसेवाको प्रवर्द्धन र सहकार्य/साझेदारी तर्फ केन्द्रीत भई एउटा सरकारी स्वयंसेवक परिचालक निकाय (Volunteer Sending Agency) को रूपमा क्रियाशिल हुँदै आएको छ ।

## २.१२ विपद् व्यवस्थापनमा स्वयंसेवक परिचालन

राष्ट्रिय विकास स्वयंसेवक सेवाले परिचालित स्वयंसेवकहरूलाई सेवा केन्द्रगत नियमित कार्यका अतिरिक्त आकस्मिक रूपमा आइपर्ने विपद्को समयमा प्रभावी व्यक्तिहरूको सहयोगको लागि समेत परिचालन गर्दै आएको छ । विपद्बाट प्रभावित क्षेत्रहरूमा कार्यरत स्वयंसेवकहरूलाई सोही क्षेत्रमा अतिरिक्त जिम्मेवारीका साथ परिचालन गर्ने र आवश्यक परेका बेला विपद्को सामना गर्न छुट्टै प्रकृतिका स्वयंसेवकहरू नियुक्त गरी खटाउने समेत कार्य गर्दै आएको छ । हाल सम्मको अनुभवमा बाढी पहिरो, रोगको माहामारी र भूकम्पीय क्षतिको अवस्थामा स्वयंसेवकहरू विपद्मा सहजीकरण गर्ने कार्यमा खटिएको अवस्था छ । केही वर्ष अघि दार्चुला जिल्लामा गएको बाढी पछिको अवस्थामा स्वयंसेवकहरू परिचालन गरिएका थिए भने जाजरकोटमा फैलिएको हैजा र स्वाइनफ्लूको प्रकोपका बेला पनि स्वयंसेवकहरू परिचालन गरिएका थिए । २०७२ साल बैशाख १२ गते गएको भूकम्प र सो पछिका शक्तिशाली पराकम्पका कारणले पुग्न गएको क्षतिको आँकलन गर्न स्वयंसेवक परिचालन गर्ने उद्देश्यले राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यकारी समितिको मिति २०७२/०१/२० को निर्णयबाट २०० जना स्वयंसेवक इन्जिनियर परिचालन गरियो । सो मध्ये १९० जना सिभिल इन्जिनियरहरू र १० जना आर्किटेक्टहरू भूकम्पबाट

प्रभावित भई नेपाल सरकारबाट संकटग्रस्त घोषणा गरिएका १४ काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, काभ्रोपलान्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, गोरखा, मकवानपुर, सिन्धुली, दोलखा, रामेछाप र ओखलढुङ्गा जिल्लाहरूमा परिचालित हुने गरी खटाइयो ।

## २.१३ विपद्मा सहकार्य

२०७२ साल बैशाख १२ गते गएको भूकम्प र त्यस पछिका शक्तिशाली पराकम्पको कारण मुलुकमा जनधनको ठूलो क्षति भएको र उद्धार तथा राहत कार्यमा नेपाल सरकार, गैर सरकारी संघ/संस्था, निजी क्षेत्र र अन्तराष्ट्रिय समुदाय समेत आ-आफ्नो क्षमतामा सम्लग्न रहनु पऱ्यो । यसै सन्दर्भमा राहत र उद्धार कार्यमा संलग्न हुन चाहने केही गैर-सरकारी संस्थाहरूबाट राष्ट्रिय विकास स्वयंसेवक सेवासँग सहकार्य गरी कार्य सम्पादन गर्न ईच्छा व्यक्त गरेकोले त्यस्ता संघ-संस्थाहरूलाई निश्चित शर्तहरूका आधारमा विपद् व्यवस्थापनको कार्यमा संलग्न हुन राष्ट्रिय योजना आयोगको सचिवालयले स्वीकृति प्रदान गरे अनुरूप विभिन्न ६ वटा गैर-सरकारी संस्थाहरूसँग राष्ट्रिय विकास स्वयंसेवक सेवाले सम्झौता गऱ्यो । यस कार्यको प्रारम्भिक अनुगमन, सुपरिवेक्षण र समन्वय राष्ट्रिय विकास स्वयंसेवक सेवाले गरेको थियो ।

# परिच्छेद ३

## स्वयंसेवक परिचालन

राष्ट्रिय विकास स्वयंसेवक सेवाले स्थापनाकाल देखि हालसम्म विभिन्न विषय क्षेत्रका स्वयंसेवकहरू परिचालन गर्दै आएको छ । यस सम्बन्धी संक्षिप्त विवरण यसप्रकार प्रस्तुत गरिएको छ :-

### ३.१ परिचालनको विषय क्षेत्र

राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट सरकारका स्थानीय निकाय/विषयगत कार्यालयहरू तथा संघ-संस्था समेतको मागको आधारमा स्वयंसेवक परिचालन गरिने हुँदा स्वयंसेवकहरू पनि विषयगत मन्त्रालय/निकायहरूको कार्यक्षेत्रको प्रकृति अनुसार हुने गरी खटिएका छन् । ग्रामीण समुदायमा सचेतना अभिवृद्धि देखि लिएर औषधोपचार, कृषि प्रसार, पशु सेवा र स-साना पूर्वाधार निर्माण सम्म संलग्न रहने गरी स्वयंसेवकहरूलाई कार्य जिम्मेवारी दिइएको छ । स्थापना कालदेखि विभिन्न समयमा राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत ऊर्जा, वनसम्पदा, योजना निर्माण, ग्रामीण विकास, शिक्षा, आय-आर्जन, उद्यम विकास जस्ता विषय क्षेत्रहरूमा स्वयंसेवक परिचालन भएका छन् । हाल परिचालन गरिएका स्वयंसेवकहरू मूलत निम्न विषय क्षेत्रमा आवद्ध रहेका छन्:-

- जनस्वास्थ्य
- पशु सेवा
- कृषि सेवा
- सार्वजनिक निर्माण/ पूर्वाधार
- विपद् व्यवस्थापन
- विविध

### ३.२ भर्ना प्रक्रिया

#### ३.२.१ सूचीकरण

कुनै पनि व्यक्ति राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवकको रूपमा काम गर्न सम्बन्धित पदको लागि प्रमाणित योग्यता सहित सूचीकृत हुन अनिवार्य छ । स्वयंसेवक हुन इच्छुक आवेदकरूको सूचीकरण कार्य शुरू गर्नु अघि राष्ट्रिय विकास स्वयंसेवक सेवाले सम्बन्धित विषयक्षेत्र र पदको लागि आवश्यक जनशक्तिको जिल्लागत माग सङ्कलन गर्दछ । सामान्यतया सूचीकरण प्रक्रिया निम्नानुसार हुने गर्दछः-

- सूचीकरणका लागि आवेदन मागको सूचना प्रकाशन,
- उम्मेदवारहरूको आवेदन दर्ता एवं सङ्कलन,
- प्राप्त आवेदनहरू रूजु एवं स्वीकृति/अस्वीकृति,
- स्वीकृत आवेदनहरूको सम्बन्धित जिल्लागत सूची तयारी ।

### ३.२.२ छनौट

राष्ट्रिय विकास स्वयंसेवक सेवाले आर्थिक वर्ष २०५५/५६ देखि हालसम्मको अवधिमा विभिन्न तरिका एवम् मापदण्डको आधारमा स्वयंसेवक छनौट गरी परिचालन गर्दै आएको छ । विभिन्न विधि र प्रक्रियाबाट स्वयंसेवक छनौट गरिएता पनि राष्ट्रिय विकास स्वयंसेवक सेवाले योग्यता प्रणालीलाई अवलम्बन गर्दै आएको छ । हालसम्मका स्वयंसेवक छनौट सम्बन्धी अभ्यासहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

- लिखित तथा अन्तरवार्ता दुवैबाट निर्धारण हुने योग्यताक्रम,
- अन्तरवार्ताबाट निर्धारण हुने योग्यताक्रम,
- रोष्टरमा समावेश गरी अन्तरवार्ताबाट हुने योग्यताक्रम,
- रोष्टर समावेश गरी शैक्षिक उपाधिको प्राप्ताङ्क प्रतिशत अनुसारको योग्यताक्रम,
- रोष्टरमा समावेश गरी शैक्षिक उपाधिको श्रेणी र कार्यअनुभव वापतको अंकले कायम हुने योग्यताक्रम,
- संस्थाहरूले छनौट गरी सिफारिस गरेको आधार (संघ-संस्थासँगको सहकार्यमा परिचालन हुने स्वयंसेवकहरूको हकमा मात्र,

विगतमा उपरोक्त बमोजिमका आधार एवं मापदण्ड अनुसार स्वयंसेवक छनौट गरी परिचालन गरिँदै आएता पनि हाल राष्ट्रिय विकास स्वयंसेवक सेवामा रोष्टरमा सूचीकृत उम्मेदबारहरूमध्येबाट स्वयंसेवक छनौट गर्ने प्रक्रिया निम्नानुसार रहेको छ :-

- सूचीकृत आवेदनहरू मध्येबाट सम्बन्धित जिल्लाको रिक्त दरबन्दीमा परिचालन हुने,
- रोष्टरमा समावेश भएका र कार्य गर्न तत्पर एवं इच्छुक उम्मेदवार,
- परिचालन गर्दा विषयक्षेत्रगत एवं पदगत सन्तुलनलाई ध्यान दिइने,
- शैक्षिक योग्यताको आधारमा योग्यताक्रम (श्रेणी, प्रतिशत)लाई र समावेशितालाई समेत आधार मानिने,
- सम्वेदनशील एवं विपद्को अवस्थामा रोष्टरमा सूचीकृत मध्येबाट आवश्यकता अनुसार परिचालन हुने ।

## ३.३ परिचालनका पदहरु/कार्यरत रहने सेवा केन्द्रहरु

हाल राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालन भइरहेका स्वयंसेवकहरूको पद र कार्यरत रहने सेवा केन्द्रहरू निम्नानुसार रहेका छन् :-

### ३.३.१ परिचालनका पदहरु

| **स्वास्थ्य सेवा** | **कृषि सेवा** | **पशु सेवा** | **इन्जिनियरिङ सेवा** | **विविध** |
|---|---|---|---|---|
| एम.बि.बि.एस., बि.एस्सी./स्टाफ नर्स, हे.अ., ल्या.अ./ल्या.टे, अ.हे.व., अ.न.मी. | बि.एस्सी./ जे.टि./ जे.टि.ए. | बि.एस्सी./जे.टि./ जे.टि.ए. | सिविल इन्जिनियर, स.इ., अ.स.इ. | सामुदायिक सहजकर्ता, मा.फा.स., क.अ., लाइब्रेरियन, सामुदायिक शिक्षक |

३.३.२ कार्यरत सेवाकेन्द्रहरु

| स्वास्थ्य सेवा | कृषि सेवा | पशु सेवा | इन्जिनियरिङ सेवा | विविध |
|---|---|---|---|---|
| जिल्ला अस्पताल, ल्याब, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टर | कृषि सेवा केन्द्र, कृषि सम्पर्क केन्द्र | पशु सेवा केन्द्र 'क', पशु सेवा केन्द्र 'ख' | जि.वि.स., जि.प्रा.का., नगरपालिका, पूर्वाधार निर्माणका Sites | जि.वि.स., सहकारी, गैसस, पुस्तकालय, सामुदायिक विद्यालय |

स्वयंसेवकहरूले उपरोक्त अनुसारका सेवा केन्द्रहरूमा रहेर नियमित कार्य गर्नुका अलवा स्वास्थ्य तर्फका स्वयंसेवकहरू महामारीको प्रतिरोध, गाउँघर क्लिनिक संचालन, दादुरा रूवेला विरूद्धको खोप, हात्तिपाइले विरूद्धको औषधी, जापानीज इन्सेफ्लाइटिस विरूद्धको खोप, भिटामिन 'ए' कार्यक्रम, घुम्ती स्वास्थ्य शिविर कार्यक्रम जस्ता राष्ट्रिय अभियानहरूमा समेत सक्रियतापूर्वक संलग्न रहने गरेका छन् । त्यसैगरी पशु स्वास्थ्य/कृषि विकास तर्फका स्वयंसेवकहरू पशु स्वास्थ्य शिविर, कृषक मेला जस्ता सामूहिक क्रियाकलापहरूमा संलग्न हुने गरेका छन् ।

## ३.४. परिचानलको मोडालिटी

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा निम्न दुई प्रकारका तरिकाबाट हुने गरेको छ :-

३.४.१. नेपाल सरकारका निकाय अन्तर्गत

- यस अनुसार स्वयंसेवकहरूलाई नियुक्त गरी जिल्ला विकास समितिको कार्यालय, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालयमा खटाइने,
- खटाइएका स्वयंसेवकहरूलाई उल्लेखित कार्यालयहरूले सेवा केन्द्र तोकी पदस्थापन गर्ने,
- खटिएका स्वयंसेवकहरूको अनुगमनको प्रारम्भिक जिम्मेवारी खटाउने जिल्ला स्थित निकायमा रहेको ।

३.४.२. अन्य निकाय/संघ-संस्थासँगको सहकार्य अन्तर्गत

- इच्छुक संस्था राष्ट्रिय विकास स्वयंसेवक सेवामा सूचीकृत हुनुपर्ने,
- सम्बन्धित संस्थाको माग एवं सिफारिसको आधारमा परिचालन हुने,
- मासिक रूजु हाजिरी राष्ट्रिय विकास स्वयंसेवक सेवामा पेश गर्नुपर्ने,
- अनुगमनको प्रारम्भिक जिम्मेवारी राष्ट्रिय विकास स्वयंसेवक सेवामा रहेको ।

## ३.५ आवेदन सम्बन्धी व्यवस्था

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक भई कार्य गर्न चाहने व्यक्तिहरूका लागि तोकिएको विषयक्षेत्र र पदमा आवेदन दिन सक्ने व्यवस्था रहेको छ । यसका लागि विगतमा निश्चित अवधि तोकी राष्ट्रिय दैनिक पत्रिकाहरूमा सूचना प्रकाशन गर्ने गरिएको थियो । स्वयंसेवक भई कार्य गर्न इच्छुक व्यक्तिहरूको संख्या दिनानुदिन बढ्दै गएको र तोकिएको अवधि सकिए पश्चात पनि आवेदकहरू उल्लेख्य मात्रामा आउने गरेकोले इच्छुकहरूको सुविधा, अन्तर्राष्ट्रिय अभ्यास र सरकारलाई चाहिएका बखत जनशक्ति व्यवस्थापन गर्न सहयोग पुऱ्याउने उद्देश्यले कार्यकारी समितिको मिति २०७२/१०/२८ को निर्णयबाट हाल नियमित रूपमा सूचीकृत हुनसक्ने व्यवस्था गरिएको छ । यसरी सूचीकृत हुन चाहने व्यक्तिहरूले हुलाक, कुरियर र व्यक्तिगत रूपमा निवेदन दिन सक्ने छन् ।

साथै, यस सेवाको इमेल ठेगाना ndvsinfo@gmail.com वा infondvs@gmail.com मा समेत आवेदन पठाउन सकिनेछ ।

### ३.६ स्वयंसेवकको नियुक्ति

विभिन्न आधारमा छनौट गरिएका स्वयंसेवकहरूलाई नियुक्त गरी जिल्लागत रिक्त स्थानहरूमा परिचालन गरिन्छ । नियुक्ति पश्चात् स्वयंसेवकहरू जिल्लास्थित सम्बन्धित कार्यालयमा हाजिर हुन जाने र सम्बन्धित कार्यालयले स्वयंसेवक आवश्यक रहेका सेवा केन्द्रहरूमा निजहरूको पदस्थापन गर्ने गर्दछन् । नियुक्ति सम्बन्धमा अन्य व्यवस्थाहरू निम्नानुसार रहेका छन् :-

- स्वयंसेवकहरूको नियुक्तिको निर्णय राष्ट्रिय योजना अयोगको सचिवालयको सचिवबाट हुने,
- स्वयंसेवकहरूको नियुक्ति राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट हुने,
- Cluster बनाई नियुक्तिपत्रहरूको वितरण एवं सामान्य अभिमूखीकरण,
- सम्बन्धित निकायलाई नियुक्तिपत्रको बोधार्थ र छुट्टै स्वयंसेवक खटाइएको पत्र पठाइने,
- नियुक्ति बुझेको ७ दिन भित्र हाजिर हुनुपर्ने प्रावधान,
- जिल्लाको स्वयंसेवक संयोजकलाई परिचालन सम्बन्धमा सूचना दिइने,
- १५ दिन भित्र नियुक्तिपत्र नबुझे स्वतः रद्द हुने ।

### ३.७. दरबन्दीको व्यवस्था

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत नियुक्त हुने स्वयंसेवकहरूको परिचालनको लागि जिल्लागत रूपमा दरबन्दीको व्यवस्था गरिएको छ । त्यस्ता दरबन्दीमा जिल्ला विकास समिति, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, जिल्ला पशु सेवा कार्यालय र जिल्ला कृषि विकास कार्यालयहरूले आफू मातहतका सेवा केन्द्रहरूमा कार्यरत रहने गरी स्वयंसेवकहरू खटाईने व्यवस्था छ ।

#### ३.७.१ जिल्लागत दरबन्दी

- कार्यकारी समितिको २०६८/०९/२१ को निर्णयबाट जिल्लागत रूपमा परिचालन हुने दरबन्दी निर्धारण भएको,
- शुरूमा जिल्लागत तर्फ ६६४ जना र संघ-संस्था तर्फ ५८ जनाको दरबन्दीको व्यवस्था गरिएको,
- स्वास्थ्य तर्फ ६०%, पशु सेवा तर्फ २०%, कृषि तर्फ १०% र इन्जिनियरिङ तर्फ १०% स्वयंसेवक परिचालन गर्ने व्यवस्था,
- समय-समयमा दरबन्दी परिमार्जन हुँदै आएको ।

#### ३.७.२ दरबन्दी निर्धारणका आधारहरू

जिल्लास्तरबाट विभिन्न विषयक्षेत्रका स्वयंसेवकहरूको अत्याधिक माग आउने गरेकोले जिल्लास्तरमा स्वयंसेवकहरूको परिचालन गर्दा Criteria Based भएर गर्ने सोँचका साथ राष्ट्रिय विकास स्वयंसेवक सेवाको कार्यकारी समितिले स्वयंसेवकहरूको जिल्लागत दरबन्दीको व्यवस्था गरेको हो । दरबन्दीको व्यवस्थाबाट स्वयंसेवक परिचालनमा समानुपातिक प्रतिनिधित्व हुने, विषयक्षेगत/पदगत समेत सन्तुलन कायम हुने र जहाँ बढी आवश्यक छ सो स्थानमा बढी स्वयंसेवक परिचालन गर्न सकिने अपेक्षा गरिएको छ । दरबन्दी निर्धारण गर्दा सामान्यतया निम्न आधारहरूलाई अबलम्बन गरिएको छ :-

- प्रशासनिक जिल्लाहरूलाई ६ वर्गमा विभाजन गरिएको,
- जिल्लागत HDI Ranking हेरिएको,
- Composite Index को आधार,
- Progressive Quota Distribution.

### ३.७.३ दरबन्दीमा परिमार्जन

- जिल्लास्तर/संघ-संस्थाहरूबाट स्वयंसेवकहरूको अत्याधिक माग आएकोले सोको व्यवस्थापन गर्ने उद्देश्यबाट दरबन्दी परिमार्जन भएको,
- परिस्थितिबस स्वयंसेवक परिचालन हुन नसकी बचत हुन गएको रकमबाट र थप रकम समेत निकासा गरी दरबन्दीमा परिमार्जन हुँदै आएको,
- कार्यकारी समितिको २०७१/०९/२१ को निर्णय एवं अर्थ मन्त्रालयको २०७१/१०/०४ को स्वीकृतिबाट २२४ जना दरबन्दी थप गरिएको र यो विनियोजित बजेट भित्रबाटै भएको,
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१/११/१७ को पत्र र अर्थ मन्त्रालयको मिति २०७२/०१/०२ को स्वीकृतिबाट १३३ जनाको दरबन्दी थप गरिएको र थप बजेट निकासा समेत भएको,
- कार्यकारी समितिको मिति २०७२/१०/२८ को निर्णय तथा अर्थ मन्त्रालयको मिति २०७२/१२/०६ को स्वीकृतिबाट २७६ जनाको दरबन्दी थप गरिएको र यो विनियोजित बजेट भित्रबाटै भएको ।

### ३.७.४ दरबन्दीको वितरण

- जिल्लाका विषयगत कार्यालय तर्फ परिचालन हुने : ११२६
- संघ-संस्थासँगको सहकार्यमा परिचालन हुने : ९६
- जिल्ला विकास समितिसँग छुट्टै सम्झौता गरी परिचालन हुने : ३०
- नगरपालिका तर्फ : १३३ (हाल परिचालन नगर्ने निर्णय भएको, क्रमशः समायोजन हुने)
- जम्मा दरबन्दी : १३८५

### ३.७.५ हालको दरबन्दी

| सि.नं. | जिल्ला वर्गीकरण | दरबन्दी |
|---|---|---|
| | **क वर्ग** | **१४०** |
| १ | वझाङ | २८ |
| २ | वाजुरा | २८ |
| ३ | डोल्पा | २८ |
| ४ | मुगु | २८ |
| ५ | हुम्ला | २८ |
| | **ख वर्ग** | **९५** |
| १ | जुम्ला | २४ |

| | | |
|---|---|---|
| २ | कालिकोट | २४ |
| ३ | जाजरकोट | २३ |
| ४ | दार्चुला | २४ |
| | **ग वर्ग** | **१६५** |
| १ | मुस्ताङ | २१ |
| २ | मनाङ | २१ |
| ३ | रूकुम | २१ |
| ४ | दैलेख | २१ |
| ५ | अछाम | २१ |
| ६ | सोलुखुम्बु | २० |
| ७ | भोजपुर | २० |
| ८ | खोटाङ | २० |
| | **घ वर्ग** | **२१६** |
| १ | ताप्लेजुङ | १७ |
| २ | संखुवासभा | १७ |
| ३ | तेह्रथुम | १७ |
| ४ | ओखलढुंगा | १७ |
| ५ | म्याग्दी | १७ |
| ६ | रोल्पा | १९ |
| ७ | सल्यान | १८ |
| ८ | प्यूठान | १८ |
| ९ | डोटी | १९ |
| १० | डडेल्धुरा | १९ |
| ११ | रसुवा | १९ |
| १२ | वैतडी | १९ |
| | **ङ वर्ग** | **१९५** |
| १ | पाँचथर | १२ |
| २ | धनकुटा | १२ |
| ३ | रामेछाप | १३ |
| ४ | दोलखा | १३ |
| ५ | सिन्धुपाल्चोक | १३ |
| ६ | काभ्रे | १२ |
| ७ | धादिङ | १२ |
| ८ | गोरखा | १२ |

| | | |
|---|---|---|
| ९ | लमजुङ | १२ |
| १० | वाग्लुङ | १२ |
| ११ | पर्वत | १२ |
| १२ | गुल्मी | १२ |
| १३ | अर्घाखाँची | १२ |
| १४ | उदयपुर | १२ |
| १५ | सिन्धुली | १२ |
| १६ | नुवाकोट | १२ |
| | **च वर्ग** | **३१५** |
| १ | इलाम | ११ |
| २ | झापा | ११ |
| ३ | मोरङ | ११ |
| ४ | सुनसरी | ११ |
| ५ | सप्तरी | ११ |
| ६ | सिरहा | १२ |
| ७ | धनुषा | १२ |
| ८ | महोत्तरी | १३ |
| ९ | सर्लाही | १३ |
| १० | मकवानपुर | ११ |
| ११ | रौतहट | १३ |
| १२ | वारा | १३ |
| १३ | पर्सा | १३ |
| १४ | चितवन | १२ |
| १५ | तनहुँ | ११ |
| १६ | स्याङ्जा | ११ |
| १७ | कास्की | ११ |
| १८ | पाल्पा | ११ |
| १९ | नवलपरासी | १२ |
| २० | रूपन्देही | १२ |
| २१ | कपिलवस्तु | १३ |
| २२ | दाङ | ११ |
| २३ | वाँके | ११ |

| | | |
|---|---|---|
| २४ | वर्दिया | ११ |
| २५ | सुर्खेत | १२ |
| २६ | कैलाली | ११ |
| २७ | कञ्चनपुर | ११ |
| २८ | ललितपुर | ० |
| २९ | काठमाडौं | ० |
| ३० | भक्तपुर | ० |
| **जम्मा** | | **११२६** |

३.७.६ हालसम्म परिचालित स्वयंसेवकको संख्या

| आर्थिक वर्ष | केन्द्रीय | स्थानीय | ग्रामीण | जम्मा |
|---|---|---|---|---|
| २०५५/५६ | २२० | ० | ० | २२० |
| २०५६/५७ | ० | ० | ० | ० |
| २०५७/५८ | २२२ | ० | ० | २२२ |
| २०५८/५९ | २२४ | ० | ० | २२४ |
| २०५९/६० | १४२ | १५० | १४२ | ४३४ |
| २०६०/६१ | १६६ | १८९ | १६७ | ५२२ |
| २०६१/६२ | २०० | ४०३ | १६६ | ७६९ |
| २०६२/६३ | १९५ | ३१६ | १८४ | ६९५ |
| २०६३/६४ | १८४ | २०४ | १९९ | ५८७ |
| २०६४/६५ | ६९ | २२२ | १९६ | ४८७ |
| २०६५/६६ | १०१ | २१५ | २२८ | ५४४ |
| २०६६/६७ | ९५२ | ५३९ | २२८ | १७१९ |
| २०६७/६८ | ५८५ | ४४१ | २२८ | १२५४ |
| २०६८/६९ | ९४० | ० | ० | ९४० |
| २०६९/७० | ५८९ | ० | ० | ५८९ |
| २०७०/७१ | ६८९ | ० | ० | ६८९ |
| २०७१/७२ | १२८२ | ० | ० | १२८२ |
| २०७२/७३ | १६३१ | ० | ० | १६३१ |
| **जम्मा** | **८३९१** | **२६७९** | **१७३८** | **१२८०८** |

### ३.८ स्वयंसेवकको क्षमता विकास

स्वयंसेवकहरूको नियुक्ति पश्चात् राष्ट्रिय विकास स्वयंसेवक सेवाले समय-समयमा अभिमुखीकरण, पुनर्ताजगीकरण, विषयगत तालिम, विशिष्टिकृत तालिम जस्ता क्षमता अभिवृद्धिमूलक कार्यक्रमहरू आयोजना गर्दछ । यसका अलावा समय समयमा स्वयंसेवकहरूलाई अन्तर कार्यस्थल अनुभव दिलाउन Volunteer Exchange Program (VEP) मार्फत अवलोकन भ्रमणहरूको आयोजना समेत गर्ने गर्दछ ।

### ३.९ स्वयंसेवकको उत्तरदायित्व

सेवा प्रवाहस्थलमा स्वयंसेवकको भूमिका र पहिचान नियमित सरकारी कर्मचारीहरूको भन्दा पृथक हुने गर्दछ । सार्वजनिक सेवा प्रवाह कार्यलाई सहजीकरण गर्ने सन्दर्भमा स्वयंसेवकहरू सम्बन्धित सेवाग्राही र आफू कार्यरत

निकायप्रति उत्तरदायी हुन्छन् । साथै स्वयंसेवकहरूको कार्यसम्पादनस्तर, अनुशासन एवम् आचरण, पेशागत मर्यादा मापन जस्ता सूचकहरूको माध्यमबाट स्वयंसेवकहरूले निर्वाह गरेको उत्तरदायित्व सुनिश्चित हुन्छ ।

## ३.१० स्वयंसेवकको जिम्मेवारी

साधारणतया स्वयंसेवकहरुको जिम्मेवारी निम्न अनुसार हुने व्यवस्था गरिएको छ :-

### ३.१०.१ कार्यगत जिम्मेवारी

स्वयंसेवकको विषयक्षेत्रसँग सम्बन्धित कार्यशर्त (TOR) मा तोकिएका कार्यहरू सम्पादन गर्नु सम्बन्धित स्वयंसेवकहरूको कार्यगत जिम्मेवारी हुनेछ । यस प्रकारका जिम्मेवारीहरू विषयक्षेत्रगत रूपमा फरक फरक तोकिने व्यवस्था गरिएको छ ।

### ३.१०.२ अन्य जिम्मेवारी

विषयक्षेत्रगत रूपमा तोकिएका जिम्मेवारीहरूका अलावा स्वयंसेवकको रूपमा कृयाशिल भएकै कारणले स्वयंसेवकले स्थानीय स्तरमा सम्पादन गर्नुपर्ने अन्य जिम्मेवारीहरू निम्नानुसार रहेका छन् :-

- स्थानीय तहमा उपलब्ध स्रोत-साधन परिचालन गर्न समुदायबासीलाई आफूसँग भएको प्राविधिक ज्ञान (Technical Knowledge) प्रसार गर्ने,
- आफू कार्यरत निकायहरूको श्रोत-साधन परिचालन तथा उपयोगमा सघाउ पुऱ्याउने,
- मानवीय सशक्तीकरणमा सहयोग पुग्ने शिक्षा, स्वास्थ्य तथा सीप विकास जस्ता कार्यक्रमहरुको सञ्चालन र प्रसारमा सहयोग गर्ने,
- सार्वजनिक हितका लागि सामुदायिक संस्था, उपभोक्ता समिति/समूह निर्माण तथा परिचालनमा सहजकर्ताको रूपमा कार्य गर्ने,
- स्थानीय निकायका विभिन्न कार्यगत इकाइ (Functional Units) संग समन्वय गरी कार्य सम्पन्न गर्ने,
- जिल्लास्थित निकाय तथा राष्ट्रिय विकास स्वयंसेवक सेवा बीच सम्पर्क व्यक्तिको रूपमा काम गर्ने,
- स्वयंसेवाको प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरूमा सक्रिय सहभागी हुने,
- स्थानीयतहका संस्था तथा समूहहरुलाई सचेत एवम् जागरूक तुल्याउदै कार्यक्रम कार्यान्वयनमा सहजीकरण एवम् सहयोग गर्ने,
- सामाजिक विकृती र विसङ्गगति विरूद्ध समाजमा सचेतना अभिवृद्धि गर्न सहयोग गर्ने ।

## ३.११ स्वयंसेवक संयोजकको जिम्मेवारी

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत विभिन्न जिल्लामा विभिन्न विषयक्षेत्रका स्वयंसेवकहरू कार्यरत रहेका छन् । तिनीहरूको संख्या समेत जिल्ला, विषयक्षेत्र र पदगत रूपमा विभिन्न रहेको छ । यसरी जिल्लाहरूमा कार्यरत रहेका स्वयंसेवकहरू बीच, सेवा केन्द्रहरू बीच, जिल्ला विकास समिति/विषयगत कार्यालयहरू बीच र जिल्ला एवम् राष्ट्रिय विकास स्वयंसेवक सेवा बीच आवश्यक समन्वय, सूचनाको आदान-प्रदान गरी स्वयंसेवक परिचालनको कार्यलाई अझ बढी प्रभावकारी बनाउन कार्यरत स्वयंसेवकहरू मध्येबाट एक जनालाई संयोजक स्वयंसेवकको रूपमा खटाउने व्यवस्था राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यकारी समितिको मिति २०६९/०५/२५ को निर्णयबाट शुरू भएको हो । यस व्यवस्था अनुसार स्वयंसेवक परिचालन गरिएका सबै जिल्लामा १/१ जना स्वयंसेवक संयोजकहरू क्रियाशिल रहेका छन् । कार्यरत मध्येबाट स्वयंसेवक संयोजकको जिम्मेवारी दिइएका

स्वयंसेवकहरूलाई संचार तथा यातायात खर्च वापत मासिक रूपमा थप भत्ता समेत उपलब्ध गराइएको छ । साथै, निजहरूको नियमित कार्यशर्तका अतिरिक्त निम्न बमोजिम थप कार्यशर्त समेत तोकिएको छ:-

- स्वयंसेवकहरूको कार्य सम्पादनसँग सम्बन्धित तथ्याङ्क/अभिलेख अध्यावधिक रूपमा राख्ने,
- जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरूको कार्यको फिल्ड स्तरमा समन्वय गर्ने र पृष्ठपोषण लिने,
- जिल्लामा कार्यरत सम्पूर्ण स्वयंसेवकहरूद्वारा भए गरेका कार्यहरूको प्रगति विवरण संकलन गरी चौमासिक रूपमा खटिएको कार्यालय र राष्ट्रिय विकास स्वयंसेवक सेवामा पठाउने,
- स्वयंसेवकहरूलाई आवश्यक पर्ने प्रशासनिक कार्यमा सहजीकरण गर्ने,
- स्वयंसेवक परिचालन सम्बन्धमा जिल्लास्तरमा कुनै समस्या पर्न गएमा तत्काल आफू कार्यरत कार्यालय प्रमुख र राष्ट्रिय विकास स्वयंसेवक सेवामा जानकारी गराउने,
- जिल्लाको विकास निर्माण तथा सेवा प्रवाहको अवस्था र कार्य प्रगतिको मासिक रूपमा राष्ट्रिय विकास स्वयंसेवक सेवामा प्रतिवेदन पेश गर्ने,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाद्वारा संयोजकका लागि उपलब्ध गराइएको संयोजक ब्याग/फोल्डर तथा अन्य सूचनाहरू सुरक्षित एवं व्यवस्थित रूपमा राख्ने र आफू जिम्मेवारी मुक्त भएपछि यथोचित हस्तान्तरण गर्ने,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले समय–समयमा निर्देशन गरेका अन्य आवश्यक कार्यहरू गर्ने ।

## ३.१२ सार्वजनिक सेवा प्रवाह र स्वयंसेवक

### ३.१२.१ सार्वजनिक सेवा

जनतालाई अधिकतम सेवा दिनु आधुनिक राज्य व्यवस्थाको प्रमुख उद्देश्य हो । राज्यद्वारा प्रवाहित सेवा नागरिकको रोजाई, आवश्यकता, प्राथमिकता र राज्यको क्षमतामा भर पर्दछ । सेवा प्रवाहको पद्धति देशको भौगोलिक स्थिति, आर्थिक, सामाजिक र राजनैतिक परिवेशबाट निर्देशित हुन्छ । सरकार र राज्यले आफ्ना नागरिकहरुलाई निशुल्क सशुल्क वा अन्य कुनै प्रकारले उपलब्ध गराउने सेवा सुविधालाई सार्वजनिक सेवा भनिन्छ । यस्तो सेवाको दायरा व्यापक हुनुका साथै प्रत्यक्ष वा अप्रत्यक्ष प्रकारको हुन्छ । Public utility, तालिम, शिक्षा, स्वास्थ्य सुरक्षा आदिलाई उदाहरणको रुपमा लिन सकिन्छ । नागरिकले सुपथ, सुलभ र समय सापेक्ष यथेष्ट सेवा पाउनु नै सार्वजनिक सेवा प्रवाहको मुख्य उद्देश्य हुन्छ । सरकारले स्वयं वा अन्य तवरले सेवाको व्यवस्थापन गर्न सक्दछ । सरकार कति लोकप्रिय एवं जनमुखी छ भनेर मापन गर्ने एउटा वृहत सूचक (Mega Indicator) सार्वजनिक सेवा प्रवाहको अवस्था भएको हुँदा राज्य र जनता बीचको सम्बन्धको सन्दर्भमा सार्वजनिक सेवा प्रवाहले गहन महत्व राख्दछ । अर्कोतर्फ विकास र सार्वजनिक सेवा बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । असल र गुणस्तरीय सेवा उपलब्धताको लागि सुदृढ विकासको परिकल्पना गरिन्छ । साथै मुलुकको विकासको अवस्था समेत सार्वजनिक सेवा प्रवाहको व्यापकताबाट मापन गर्न सकिन्छ ।

### ३.१२.२ सार्वजनिक सेवाका प्रकार

- नागरिकको दैनिक जीवनसंग सम्बन्ध राख्ने : सुरक्षा, खानेपानी सरसफाई आदि,
- व्यवसायसँग सम्बन्ध राख्ने : इजाजत, बजार प्रवर्द्धन, प्राविधिक सेवा र सल्लाह,
- नागरिक क्षमता विकास : शिक्षा, स्वास्थ्य, तालिम, सूचना प्रविधि आदि,
- सामाजिक सुरक्षा : अपाङ्ग, बालक, बृद्ध, महिला, गरिब, दलित, उपेक्षित, आदि,
- पूर्वाधार सेवा सुविधा सम्बन्धी,
- मनोरञ्जनात्मक र खेलकुद विकास सम्बन्धी,
- सूचना र जानकारी सम्बन्धी,
- सहजीकरण र नियमन सम्बन्धी ।

### ३.१२.३ सार्वजनिक सेवाका नीतिगत आधारहरु

- नेपालको संविधान, २०७२ का विभिन्न प्रावधानहरु तथा व्यवस्थापिका, न्यायपालिका र संवैधानिक निकायहरु,
- नेपाल सरकारको कार्य–विभाजन नियमावली, २०६९/२०७२,
- स्थानीय स्वायत्त शासन ऐन, २०५५,
- प्रशासकीय ऐन/नियमहरु,
- सार्वजनिक संस्थान सम्बन्धी ऐन/नियमहरु,
- आर्थिक ऐन (प्रत्येक वर्ष आउने),
- आवधिक योजना, तत्कालिन कार्यक्रम र नेपाल सरकारका निर्णयहरु,
- राजनैतिक दलहरुका घोषणापत्र र प्रतिवद्धतापत्रहरु,
- नेपाल सरकारले सहमति र स्वीकृति जनाएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु ।

### ३.१२.४ सरकारको सेवा प्रवाह गर्ने संरचना

क. सरकारी संस्था (नीति र कार्यान्वयन)

- नेपाल सरकारका मन्त्रालयहरु
- विभिन्न मन्त्रालय अन्तर्गतका विभागहरु
- क्षेत्रीय कार्यालयहरु
- जिल्ला स्थित विषयगत कार्यालयहरु
- इलाका कार्यालयहरु
- सेवा केन्द्रहरु

ख. संवैधानिक निकायहरु

ग. सार्वजनिक संस्थानहरु

- प्राधीकरण, संस्थान, परिषद्, वित्तीय संस्थाहरु

घ. स्थानीय निकायहरु

- गाउँ विकास समिति (वडाहरु)
- नगरपालिका (वडाहरु)
- जिल्ला विकास समिति (इलाकाहरु)

ङ. गैर सरकारी संस्थाहरु

- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय

### ३.१२.५ सेवा केन्द्र र स्वयंसेवक

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालित स्वयंसेवकहरू जिल्ला स्थित जिल्ला विकास समिति तथा विषयगत कार्यालयका सेवा केन्द्रहरूमा पदस्थापन गरिएका हुन्छन् । जिल्ला विकास समिति, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला कृषि विकास कार्यालयद्वारा नागरिकहरूलाई सेवा प्रदान गर्न व्यवस्था गरिएका सेवा केन्द्रहरूमा रही स्वयंसेवकहरूले नागरिकहरूलाई सिधै सेवा प्रदान गर्दछन् । सेवा

केन्द्रहरू सरकारका Frontline Agency हुन् भने स्वयंसेवकहरू Frontline Deliverer को भूमिकामा रहेका छन् । यसर्थ, विषयगत कार्यालयहरू, सेवा केन्द्रहरू, कार्यरत स्वयंसेवक तथा नागरिक बीच सेवा दिने र लिने सन्दर्भमा अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

### ३.१२.६ सेवा प्रवाहमा स्वयंसेवकको भूमिका

सार्थजनिक सेवा केन्द्रहरूमा रहेर सरकारद्वारा नागरिकका लागि प्राबधान गरिएका सेवाहरूको सरल, सहज एवं गुणस्तीय किसिमबाट प्रवाह गर्नु नै स्वयंसेवकहरूको मुख्य भूमिका हो । स्वयंसेवकहरू सेवा केन्द्रमा उपस्थित भई उपलब्ध सेवाहरूको नागरिक समक्ष प्रवाह गर्ने जिम्मेवारी पूरा गर्न सामन्यतया स्वयंसेवकहरूको अन्य भूमिका निम्न रहने गर्दछ :-

- सेवा केन्द्रमा नियमित उपस्थिति,
- सेवा केन्द्रको श्रोतको अधिकतम् उपयोग,
- सेवाग्राही प्रति सम्मानजनक व्यवहार र मर्यादा,
- सेवाग्राहीलाई तत्परतापूर्वक गुणस्तरिय सेवा दिने,
- सेवा प्रवाहमा समन्वय र सहकार्य गर्ने,
- सहि परामर्श र सूचनाको सम्प्रेषण,
- सरकार प्रति सम्मानजनक भावनाको अभिव्यक्ति,
- स्वयंसेवी भावनाको प्रसार ।

### ३.१२.७ सेवा प्रवाहको क्रममा स्वयंसेवकहरुका केही कार्य अनुभवहरु

| सि.न. | स्वयंसेवकको नाम | पद | जिल्ला | गरेको काम |
|---|---|---|---|---|
| १ | कविन्द्र बहादुर बोहोरा | अ.हे.व. | वझाङ्ग | आफ्नो जिम्मेवारी एक्सरे गर्ने नभएता पनि एक्सरे समेत गरी बिरामीहरुको सेवा गरेको । |
| २ | उत्तम देवकोटा | अ.हे.व. | जुम्ला | अटो चिप्सका सामान स्वयंसेवी संस्थासँग समन्वय गरी, ल्याबमा ल्याएको , First Aid को Training समेत दिएको । |
| ३ | शर्मिला खड्का | अ.हे.व. | स्याङजा | गर्भवती महिला सेवा केन्द्र ल्याउँदा ल्याउँदै बाटोमा Delivery हुँदा साल निकालेर बिरामीलाई जोखिमबाट जोगाउने काम गरेको । |
| ४ | शिवकुमारी थानी | अ.हे.व. | सुर्खेत | वन्द भएको पोखरी काडाँ सेवा केन्द्र खुलाएको, एक वर्ष एक्लै चलाएको । |
| ५ | धारणा पोखरेल | भेटेरिनरी जे.टि.ए. | कैलाली | पहिला सेवा केन्द्रमा AI को सुविधा थिएन । आफूले AI गराएको । |
| ६ | चुर्ण के.सी. | हे.अ. | रोल्पा | गाँउ परिषद्बाट पैसा छुट्याउन लगाएर २ वटा सेवा केन्द्र भवन बनाउन योगदान गरेको । प्रसुति हुन कम आउने गरेकोमा आमा समूह सक्रिय बनाएर स्वास्थ्य केन्द्रमा सेवाग्राही आउने वातावरण बनाएको No Home Delivery लक्ष्य हासिल गरेको । |
| ७ | दिपक शर्मा | ल्या.अ. | बाकेँ | माइक्रोस्कोपको अभावमा प्रयोगशालाको कार्य संचालन हुन नसकेमा आफ्नै पहलमा माइक्रोस्कोप ल्याएको । |
| ८ | देविन्द्र बम | ल्या.अ. | कालिकोट | आफू गएपछि १२ वै घण्टा ल्याब संचालन गराएको । |
| ९ | दिक्षा ढुंगाना | स्टाफ नर्स | अछाम | उल्टो फर्किएको बच्चा समेत सफल delivery गराएको । |

| | | | | |
|---|---|---|---|---|
| १० | कमला मल्ल | अ.न.मी. | म्याग्दी | रातीको समयमा पैसा समेत नभएको र नचल्ने बच्चा भएको गर्भवतीलाई अक्सीजन लगाएर पोखरा लगी बचाएको । |
| ११ | खम्म बहादुर मिजार | अ.हे.व. | बाजुरा | आफू अ.हे.व. भएता पनि Delivery गराउने काम गरेको । |
| १२ | बबिता भट्टराई | स्टाफ नर्स | कास्की | पाठेघरको मुखको क्यान्सारको चेक गर्ने गरेको । |
| १३ | सन्ध्या चपाई | अ.हे.व. | दैलेख | घर घरमा सेवा दिएको । |
| १४ | रिता के.सी. | अ.न.मी. | कपिलवस्तु | Birthing Center मा २४ सै घण्टा सेवा दिएको , अस्थायी साधनको प्रयोग अन्तर्गत नरप्लान्ट इम्प्लान्ट सेवा दिएको । |
| १५ | होताराम भण्डारी | अ.हे.व. | दाङ | कार्यालय सहयोगीले चलाएको सेवा केन्द्रमा OPD सेवा दिएको, Family Planning समेत चलाएको । |
| १६ | सुशिल खनाल | अ.हे.व. | अर्घाखाँची | गाउँ घर क्लिनिक संचालन गरेको, समूह पुनर्गठन गरेको । |
| १७ | पुनम राउत | अ.हे.व. | प्युठान | नियमित रुपमा गाँउ घर क्लिनिक चलाएको , ५ वटा वडालाई Zero Home Delivery गराएको । |
| १८ | नारायणदत्त जोशी | भेटेरिनरी जे.टि.ए. | दार्चुला | गोबर परीक्षण गराएको, सेवा केन्द्रमा क्लिनिक खोलेको । |
| १९ | अम्बिका कठायत | अ.हे.व. | डडेल्धुरा | गाँउमा समेत गएर खोप संचालन गरेको । |
| २० | प्रकाश भण्डारी | ल्या.अ. | डोल्पा | खकार Checking गर्न शुरु गरेको । |
| २१ | चन्द्र बहादुर विष्ट | अ.हे.व. | डोटी | आफ्नो पहलमा ५ रोपनी जग्गा स्वास्थ्य कार्यालयको नाममा ल्याई शौचालय समेत बनाएको । |
| २२ | ज्ञानेन्द्र बहादुर शाही | स.इ. | हुम्ला | उपभोक्ता समितिलाई Orientation दिएको, Estimate लाई English बाट नेपालीमा समेत बनाएको । |
| २३ | गढ बहादुर वुढा | अ.स.इ. | मुगु | अनुगमनको सिस्टम वनाएको, Technical जनशक्तिलाई कार्य विभाजन गरेको । |
| २४ | भुवनेश्वरी शाही | अ.न.मी. | वैतडी | ANC नियमित गराएको , संस्थागत delivery बढाएको, गा. वि. स. लाई NO Home delivery घोषणा गरेको । |
| २५ | अनिता कुमारी सिंह | अ.न.मी. | कञ्चनपुर | Implant सेवा दिएको । |
| २६ | लोकमान बुढाथोकी | भेटेरिनरी जे.टि.ए. | सल्यान | गोबर परीक्षण गराएको , घाँस वितरण गरेको । |
| २७ | पुस्कर के.सी. | ल्या.अ. | रुकुम | रगत संकलन र चढाउने काम शुरु गरेको । |
| २८ | अमिता दहित | भेटेरिनरी जे.टि.ए. | बर्दिया | २०६८ सालदेखि बन्द भएको मनाउ पशु सेवा केन्द्र खोली एक्लै संचालन गरेको । |
| २९ | समिन श्रेष्ठ | ल्या.अ. | पर्वत | नागरिक वडापत्रको सुरुवात गरेको । |
| ३० | निर्मला पोखरेल | अ.हे.व. | गुल्मी | डट्सको रेर्कड व्यवस्थापन गरेको । |
| ३१ | हुम बहादुर झेडी | भेटेरिनरी जे.टि.ए. | पाल्पा | AI सुचारु गराएको , डिस्टोडीया (बच्चा अड्कने समस्या) समाधान गराएको । |
| ३२ | प्रमिला तामाङ | भेटेरिनरी जे.टि.ए. | इलाम | भ्याक्सीन लगाउने , गोबर जाँच गर्ने, वोका खसी पार्ने कार्य गरेको । |
| ३३ | टिकाराम पौडेल | भेटेरिनरी | झापा | सेवा केन्द्रमा कृत्तिम गर्भधारण थिएन आफू गएर |

| | | | | |
|---|---|---|---|---|
| | | जे.टि.ए. | | निशुल्क गराएको । गा.वि.स. मा समन्वय गरेर १५ प्रतिशत वजेट कृषिको लागि पहल गरेको । |
| ३४ | विना के.सी. | अ.न.मी. | ताप्लेजुङ | हेल्थ पोष्ट बन्द थियो । तापुङ्ग हेल्थ पोष्टमा स्वयंसेवक यम बहादुर कटुवाल आए पछि सुचारु भएको । गाँउ घरका स्वयंसेविकाहरुलाई तालिम आफूले नै दिएको । |
| ३५ | हसिना राई | ल्या.अ. | भोजपुर | सेवा केन्द्रमा डेलिभेरी भएका बिरामीको लागि Blood Donation गराएको । |
| ३६ | भवानी कुमारी राउत | हे.अ. | मोरङ | इमर्जेन्सी सेवामा निशुल्क सेवा दिएको । गरीब वृद्धाहरुलाई २४ सै घण्टा सेवा दिएको । |
| ३७ | विनिका कुमारी मेहता | अ.न.मी. | सुनसरी | Bleeding भएको सुत्केरीलाई घरमै गएर एम्बुलेन्स बोलाएर आफ्नै पैसा तिरेर Hospital लगेको । |
| ३८ | जीवन कार्की | हे.अ. | तेह्रथुम | विरामीलाई ११ वटा सम्म टाँका मारेको, पुलिस रिर्पोट रातको बाह्र वजे पनि वनाउने गरेको, इन्चार्ज भएर काम गरेको । |
| ३९ | मोतीप्रसाद खतिवडा | कृषि जे.टि.ए. | खोटाङ्ग | कृषि मेलामा प्रभावकारी काम गरेको, कृषकलाई परामर्श दिने गरेको, कृषिको विषादी आदिको वितरण कार्यालयबाट समन्वय गरी वितरण गरेको, बिउ बाड्ने काम , समूह गठन गर्ने काम गरेको । |
| ४० | प्रतिकला रसाइली | अ.न.मी. | सप्तरी | बाढी पीडितको लागि मुसहर वस्तीमा गएर राहत वितरण गरेको, सरसफाई सम्वन्धी अभियान चलाएको, गर्भवती महिलाको चेक अप गर्ने गरेको । |
| ४१ | प्रदिप कुमार साह | अ.हे.व. | सिरहा | गाँउ घर क्लिनिक, Vaccine Program सञ्चालन गरेको । |
| ४२ | राजन कुमार राई | अ.स.इ. | सोलुखुम्बु | आफू आएपछि योजनाहरु स्थलगत रुपमा अनुगमन गरेर कार्य सम्पादन गरेको । पहिला Photo हेरेर कामको मूल्याङ्कन गरिन्थ्यो तर अहिले स्थलगत अनुगमन गरेर मात्र मूल्याङ्कन गरिन्छ । |
| ४३ | बबिना बस्नेत | स्टाफ नर्स | दोलखा | अरु स्टाफ नभएकोले राती ११ बजे समेत Sensitive Delivery Case पनि Handle गर्ने गरेको । |
| ४४ | उर्मिला खवास | भेटेरिनरी जे.टि. | महोत्तरी | वन्द कार्यालय आफू गए पछि मात्र खुलेको । Treatment गर्ने Bandage पनि नभएकोले आफैं सामानहरु माग गरेको । किसानलाई चाहिने जति सवै सेवाहरु दिएको । |
| ४५ | भुपेन्द्र कुमार दास | अ.हे.व. | पर्सा | दुईवटा सेवा केन्द्रमा काम गरेको, खोपको काममा सुधार ल्याएको । |
| ४६ | रामशरण पौडेल | ल्या.टे. | रसुवा | वृहत स्वास्थ्य शिविरमा सहभागी भएर एक दिनमै १९३ सेम्पल Collection गरेको । NGO सँग समन्वय गरेर आफूले काम गरी, कार्यालयको लागि पानीको व्यवस्था गरेको, School Health Program मा Counselling गरेको । |
| ४७ | एलिना घिसिङ्ग | भेटेरिनरी जे.टि.ए. | रामेछाप | पहिला मान्छे नै नवसेको सेवाकेन्द्रमा आफू गएर सेवा प्रदान गरेको । भेटेरीनरीको क्षेत्रमा गोवर |

| | | | | |
|---|---|---|---|---|
| | | | | परीक्षण गरेको, पशुमा AI गरेको । |
| ४८ | रञ्जना बुढाथोकी | अ.हे.व. | सिन्धुली | बाटोमा बसेको गरिवलाई गाडीले हानेकोमा Police को सहायता लिएर अस्पताल लगी उपचार गरेको । आफैले कपडा उपलब्ध गराएको । |
| ४९ | हरिनारायण साह | अ.हे.व. | बारा | खोपको अवस्था लथालिङ्ग थियो । गा.वि.स. मा गएर खोपको कार्यक्रम नियमित गरेको । बाल स्वास्थ्य कार्यक्रमहरु संचालन गरेको । पोषणको मापन गरेको । गर्भवतीलाई टि.टि. खोप सम्वन्धी जानकारी गराएको । टि.बि.को विरामीलाई औषधि वितरण गरेको । |
| ५० | अञ्जु फुयाल | अ.न.मी. | मकवानपुर | पोषण सम्वन्धी कार्यर्कम गरेको । Family Planning गराएको । |
| ५१ | अनिसा रिजाल | अ.न.मी. | धादिङ्ग | विष सेवन गरी आएको विरामीलाई औषधी प्रयोग गरी वचाएको । गरिव विरामीलाई अफिसमा पहल गरी पैसा उपलब्ध गराएको । |
| ५२ | जीवन कुमार बुढाथोकी | अ.हे.व. | ओखलढुंगा | जुम्ल्याहा बच्चाको प्रसुती गराएको । |
| ५३ | ध्रुव नारायण यादव | अ.हे.व. | धनुषा | बन्द भएको खोप कार्यक्रम नियमित गरेको । |
| ५४ | प्रकाश लामिछाने | अ.हे.व. | चितवन | Paralysis भएको विरामीलाई Dressing गरेको । Research Survey मा Larva को फोटो फिचर गर्न सफल भएको । |
| ५५ | वेद वहादुर थापा | हे.अ. | धनकुटा | विषादि खाएको, सर्पले टोकेको, Accident परेका विरामीको उपचार गरेको । |
| ५६ | रामचन्द्र महतो | भेटेरिनरी जे.टि.ए. | सर्लाही | व्याउन नसकेको भैसीलाई उपचार गरेर बचाउन सफल भएको । |
| ५७ | दिपक भट्टराई | अ.हे.व. | नवलपरासी | एकदिने निशुल्क आँखा शिविर सञ्चालन गरेको, नियमित रुपमा खोपहरु सञ्चालन गरेको । |
| ५८ | शुभाष ढकाल | हे.अ. | गोरखा | पूर्ण खोपका लागि घर घरमा गएर दुई वर्ष मुनिका वच्चाहरुको Data Collection गरेको, दुई/तीन घण्टा हिँडेर पिसाव रोकिएको अपाङ्ग विरामी महिलाको पिसाव खुलाएको । |
| ५९ | उजाल विश्वकर्मा | अ.हे.व. | संखुवासभा | खराङ्ग स्वास्थ्य चौकीमा Peasant Kit नभएकोले नगरपालिकासँग समन्वय गरी ८०,०००।- माग गरी Peasant Kit बनाएको । |
| ६० | अम्बिका कुमारी वि.क. | भेटेरिनरी जे.टि.ए. | उदयपुर | पशुमा AI गरेको । पशुमा Pregnancy Diagnosis Test गरेको । |
| ६१ | संजिव कुमार मण्डल | हे.अ. | रौतहट | रौतहट जिल्लाको उत्तरी भेकमा फैलिएको हैजाको महामारीमा आफ्नै संयोजकत्वमा जनचेतना फैलाउने र उपचार गर्ने काममा संलग्न भएको । |
| ६२ | रीता कुइँकेल लामिछाने | भेटेरिनरी जे.टि.ए. | नुवाकोट | नुवाकोटको घाङफेदी गा.वि.स. मा महिला बाखापालन समिति गठन गरी ३ दिने तालिम सम्पन्न गरेको । उक्त कार्यले गर्दा ६० घरलाई घरखर्चमा सहयोग पुगेको छ । एक दिनमा ८५ वटा बोकालाई |

| | | | | |
|---|---|---|---|---|
| | | | | खसी पारेको । |
| ६३ | विश्वराम भण्डारी | भेटेरिनरी जे.टि.ए. | सिन्धुपाल्चोक | कतिपय ठाउँमा भैंसी ब्याउन नसकेको अवस्थामा पाडा निकालेर बचाएको । भडाल्नो निस्केको भैंसीहरुको भित्र राखेर मिलाएको । |
| ६४ | निर्मला दुरा | अ.हे.व. | तनहुँ | गाउँघर क्लिनिकमा गएर बिरामीहरु चेकअप गर्ने गरेको र औषधि वितरण गर्ने र कसाई, चेपाङ बस्तीहरुमा स्वास्थ्य सम्बन्धी सल्लाह/सुझाव दिएको । |
| ६५ | विजया गौतम | अ.न.मी. | रुपन्देही | Delivery भएका बिरामीहरुको नियमित चेकअप गर्ने गरेको । २४ घण्टे प्रसुति सेवामा संलग्न रहेको । |

## ३.१३ स्वयंसेवकले पालन गर्नु पर्ने आचरणहरु

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालित स्वयंसेवकहरूको कार्य एवं जिम्मेवारीलाई बढी मर्यादित एवं परिणमुखी बनाउने उद्देश्यले स्वयंसेवकले अनिवार्य पालना गर्नुपर्ने आचरणहरूको व्यवस्था गरिएको छ । स्वयंसेवकहरूले पालना गर्नुपर्ने आचरणहरू निम्नानुसार रहेका छन् :-

- इमान्दार एवं पारदर्शी व्यवहारको अवलम्बन गर्नुपर्ने,
- सार्वजनिक र अन्य निकायहरूको काम कारवाहीमा हस्तक्षेप गर्न नहुने,
- कसैमाथि तथ्यहिन आरोप लगाउन नहुने,
- सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल पुर्‍याउने काम गर्न नहुने,
- दलगत आस्था र सम्वद्धताबाट आफ्नो काममा प्रभाव पर्न दिन नहुने,
- सबैसँग शिष्ट र नम्र व्यवहार गर्नु पर्ने,
- स्वयंसेवालाई अन्य सेवा वा आकर्षणसँग तुलना गर्न नहुने,
- सरकारप्रति सम्मानजनक भावनाको अभिव्यक्ति दिने ।

## ३.१४ अवकाश

राष्ट्रिय विकास स्वयंसेवक सेवाले आफू अन्तर्गत परिचालित स्वयंसेवकहरूलाई निम्न अवस्थामा अवकाश दिन सक्नेछ :-

- दुई वर्षको कार्य अवधि पूरा भएमा,
- खटाएको कार्यस्थलमा समयमा र नियमित हाजिर नभएमा,
- खराब आचरण प्रदर्शन गरेमा,
- अनावश्यक विवादमा संलग्न भएमा,
- सेवाप्रवाहको क्रममा राजनीतिक पूर्वाग्रह राखेमा,
- सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेमा,
- स्वयंसेवाको मर्म विपरितका व्यवहार प्रदर्शन गरेमा,
- खटिएको कार्यालयले अवकाश दिने सिफारिस गरेमा ।

# परिच्छेद ४

## सुविधा तथा सेवाशर्त

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालन हुने स्वयंसेवकहरूलाई विभिन्न सेवा सुविधाहरू प्रदान गरिदै आएता पनि यी सेवा/सुविधाहरू सार्वजनिक निकायहरूमा कार्यरत कर्मचारीहरूका तुलनामा न्यून रहेका छन् । लाभ हानीलाई गौण राखी स्वयंसेवाको भावना र मर्म अनुसार व्यक्तिले स्वयंसेवा गर्न उत्प्रेरित हुनु पर्दछ भन्ने मान्यता अनुसार सुविधाहरू निर्धारण गरिएका छन् । यस्ता सुविधाहरू सामान्यतया एउटा व्यक्तिलाई दैनिक जीवन धान्न पुग्ने गरी व्यवस्था गरिएका छन् । न्यून लगानीमा परिणाममुखी तवरले स्वयंसेवकले काम गर्न सक्नु पर्दछ भन्ने मान्यता यसको अर्को पाटो हो ।

प्रक्रियागत रूपमा यस्ता सेवा सुविधाहरू स्वयंसेवक बन्न चाहने व्यक्तिको शैक्षिक योग्यता र देशको भौगोलिक क्षेत्र समेतलाई आधार मानी भिन्न-भिन्न किसिमबाट निर्धारण गरिएको छ । यस्ता सुविधाहरू समय समयमा परिमार्जन समेत हुँदै आएका छन् । स्वयंसेवकहरूलाई हाल प्रदान गरिदै आएका सुविधा तथा सेवा शर्तहरूलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

### ४.१ कार्य अवधि

स्वयंसेवक परिचालन कार्यविधि, २०६८ मा व्यवस्था भए अनुसार स्वयंसेवकहरूको कार्य अवधि सामान्यतया: एक वर्षको हुने व्यवस्था छ । राष्ट्रिय विकास स्वयंसेवक सेवाको कार्यकारी समितिले आवश्यक ठानेमा बढीमा अर्को एक वर्ष सम्मका लागि म्याद थप गर्न सक्नेछ । निरन्तर रूपमा २ वर्षभन्दा बढी अवधिको लागि कुनै पनि स्वयंसेवकलाई परिचालन नगर्ने व्यवस्था कार्यविधिमा तोकिएको छ ।

### ४.२ विदाको व्यवस्था

स्वयंसेवकहरूलाई आफ्नो कार्य अवधिमा आवश्यक परेका वेला लिने गरी विभिन्न विदाहरूको व्यवस्था गरिएको छ । जसको विवरण यस प्रकार रहेको छ :-

| सि.नं. | विदाको किसिम | अवधि | कैफियत |
|---|---|---|---|
| १ | घर विद | रूजु हाजिरीको आधारमा प्रत्येक महिना २.५ दिन | |
| २ | बिरामी विदा | रूजु हाजिरीको आधारमा प्रत्येक महिनामा १ दिन | |
| ३ | प्रसुति विदा | सुत्केरी हुनु भन्दा अघि र पछि गरेर जम्मा ९८ दिन | महिला स्वयंसेवकको हकमा मात्र |
| ४ | किरिया विदा | आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन | |

- बे-निर्वाह भत्ता विदा : कुनै स्वयंसेवकले विशेष कारणवश आफ्नो कार्य क्षेत्रमा उपस्थित हुन नसकी विदा माग गरेमा र निजको अन्य विदा संचित नभएमा स्वयंसेवकको तत्कालिन विशेष परिस्थितिलाई विचार गरी एकै पटक वा पटक-पटक गरी बढीमा ३० दिन सम्मको वे -निर्वाह भत्ता विदा लिन पाउनेछन्,

- विदाको स्वीकृति : स्वयंसेवकहरूको विदाको स्वीकृति राष्ट्रिय विकास स्वयंसेवक सेवाको निर्देशक वा सम्बन्धित कार्यालयको प्रमुखबाट हुनेछ । बे-निर्वाह भत्ता बिदाको स्वीकृति राष्ट्रिय विकास स्वयंसेवक सेवाको निर्देशकबाट हुनेछ,
- स्वयंसेवकले पाउने घर विदा र विरामी विदा संचित गरे वापत कुनै थप सुविधा पाइने छैन,
- एक आर्थिक वर्ष भित्र पाउने विदा सोही आर्थिक वर्ष भित्रमा उपभोग गरिसक्नु पर्नेछ ।

## ४.३ निर्वाह भत्ता

राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट जिल्लास्थित विभिन्न कार्यालयहरू एवम् संघ/संस्थाहरूमा परिचालन हुने स्वयंसेवकहरुको निर्वाह भत्ता निजहरुको शैक्षिक योग्यता, जिल्लाको दूर्गमता, प्राविधिक/अप्राविधिक विषयक्षेत्र र स्वयंसेवाको आदर्शतालाई आधार मानी निर्धारण गरिएको छ । स्वयंसेवकहरुलाई प्रदान गरिने निर्वाह भत्ता राष्ट्रिय विकास स्वयंसेवक सेवाको कार्यकारी समितिले तोके बमोजिम हुन्छ ।

नेपाल सरकारका निकाय अन्तर्गत परिचालित स्वयंसेवकहरूलाई प्रदान गरिने निर्वाह भत्ता राष्ट्रिय योजना आयोगको सचिवालयबाट सोभै सम्बन्धित जिल्लास्थित स्वयंसेवक परिचालन गरिएका कार्यालयहरूलाई अख्तियारी मार्फत पठाईन्छ । संघ-संस्थासँगको सहकार्यमा परिचालित स्वयंसेवकहरूको निर्वाह भत्ता राष्ट्रिय विकास स्वयंसेवक सेवाले सम्बन्धित संस्थालाई भुक्तानी गर्दछ । सम्बन्धित कार्यालयहरू/संघ-संस्थाले स्वयंसेवकको रूजु हाजिरीको आधारमा मासिक रूपमा तोकिए बमोजिमको निर्वाह भत्ता कार्यरत स्वयंसेवकहरूलाई भुक्तानी गर्नु पर्दछ । राष्ट्रिय योजना आयोग राष्ट्रिय विकास स्वयंसेवक सेवाको कार्यकारी समितिको मिति २०७३/०४/०६ को निर्णय, राष्ट्रिय योजना आयोगको सचिवालयको मिति २०७३/०४/०९ को निर्णय एवं अर्थ मन्त्रालयको मिति २०७३/०५/२१ को सहमति अनुसार २०७३ श्रवाण १ गते देखि लागू भएको निर्वाह भत्ता निम्न बमोजिम छ :–

| सि.नं. | स्वयंसेवकको योग्यता | जिल्लाको वर्गीकरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | ङ वर्ग | च वर्ग |
| १ | स्नातकोत्तर तह उत्तीर्ण(प्राविधिक) | २२२०० | २१६०० | २१००० | २०४०० | १९८०० | १९२०० |
| २ | स्नातकोत्तर तह उत्तीर्ण (अप्राविधिक) | २२२०० | २१६०० | २१००० | २०४०० | १९८०० | १९२०० |
| ३ | स्नातक तह उत्तीर्ण (प्राविधिक ) | २१६०० | २१००० | २०४०० | १९८०० | १९२०० | १८६०० |
| ४ | स्नातक तह उत्तीर्ण (अप्राविधिक) | २०४०० | १९८०० | १९२०० | १८६०० | १८००० | १७४०० |
| ५ | प्रविणता प्रमाण पत्र तह उत्तीर्ण (प्राविधिक) | १८००० | १७४०० | १६८०० | १६२०० | १५६०० | १५००० |
| ६ | प्रविणता प्रमाण पत्र तह उत्तीर्ण (अप्राविधिक) | १७४०० | १६८०० | १६२०० | १५६०० | १५००० | १४४०० |
| ७ | प्रवेशिका परीक्षा उत्तीर्ण (प्राविधिक) | १६८०० | १६२०० | १५६०० | १५००० | १४४०० | १३८०० |
| ८ | प्रवेशिका परीक्षा उत्तीर्ण (अप्राविधिक) | १६२०० | १५६०० | १५००० | १४४०० | १३८०० | १३२०० |

**नोटः निर्वाह भत्ता प्रयोजनका लागि वर्गीकरण गरिएका जिल्लाहरू**

१. **क** वर्गमा पर्ने जिल्लाहरू :– बभाङ्ग, बाजुरा, डोल्पा, मुगु, हुम्ला गरी ५ जिल्ला ।
२. **ख** वर्गमा पर्ने जिल्लाहरू :– जुम्ला, कालीकोट, जाजरकोट, दार्चुला गरी ४ जिल्ला ।
३. **ग** वर्गमा पर्ने जिल्लाहरू :– मुस्ताङ्ग, मनाङ्ग, रूकुम, दैलेख, अछाम, सोलुखुम्वु, भोजपुर, खोटाङ्ग गरी ८ जिल्ला ।
४. **घ** वर्गमा पर्ने जिल्लाहरू :– ताप्लेजुङ्ग, संखुवासभा, तेह्रथुम, ओखलढुङ्गा, म्याग्दी, रोल्पा, सल्यान, प्युठान, डोटी, डडेल्धुरा, रसुवा, वैतडी गरी १२ जिल्ला ।
५. **ङ** वर्गमा पर्ने जिल्लाहरू :– पाँचथर, धनकुटा, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, धादिङ्ग, गोरखा, लमजुङ्ग, बाग्लुङ्ग, पर्वत, गुल्मी, अर्घाखाँची, उदयपुर, सिन्धुली, नुवाकोट गरी १६ जिल्ला ।

६. **च** वर्गमा पर्ने जिल्लाहरू :– ईलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, मकवानपुर, रौतहट, बारा, पर्सा, चितवन, तनहुँ, स्याङजा, कास्की, पाल्पा, नवलपरासी, रूपन्देही, कपिलबस्तु, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर, काठमाडौं, ललितपुर र भक्तपुर गरी ३० जिल्ला ।

## ४.४ पर्व खर्च

स्वयंसेवकहरूले आफ्नो कार्यावधि न्यूनतम ६ महिना पुगे पश्चात आफू कार्यरत कार्यालयबाट भुक्तानी हुने गरी वर्षमा १ पटक रू ६०००/- पर्व खर्च पाउने व्यवस्था छ ।

## ४.५ संयोजक भत्ता

जिल्लामा खटिएका स्वयंसेवकहरू मध्येबाट राष्ट्रिय विकास स्वयंसेवक सेवाले जिल्लामा परिचालित स्वयंसेवकहरूको संयोजन गर्ने गरी तोकिएको संयोजक स्वयंसेवकले यातायात तथा संचार खर्च बापत राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यकारी समितिको मिति २०६९/०५/२५ र २०७१/०५/०४ को निर्णयबाट मासिक रू १५००/- संयोजक भत्ता दिइदै आएकोमा कार्यकारी समितिको मिति २०७२/०६/१२ को निर्णयबाट संयोजक स्वयंसेवकहरूलाई थप कार्यशर्त तोक्नुका साथै मासिक संयोजक भत्ता समेत परिमार्जन गरी रू.३०००/- कायम गरेको छ । यस्तो भत्ता संयोजकले आफू कार्यरत कार्यालयबाट मासिक रूपमा भुक्तानी लिने व्यवस्था छ ।

## ४.६ भ्रमण खर्च

खटिएका स्वयंसेवकहरूलाई राष्ट्रिय विकास स्वयंसेवकले काममा लगाउदा, विभिन्न गोष्ठी, सेमिनार, तालिम, अभिमुखिकरण/अन्तरक्रिया कार्यक्रमहरूमा भाग लिन आउँदा/जाँदा तोकिए वमोजिमको भ्रमण खर्च उपलब्ध गराउने व्यवस्था छ । स्वयंसेवकले दैनिक भत्ता वापत रू.४५०/-, वास खर्च वापत रू.४००/- पाउने गरी तोकिएकोमा कार्यकारी समितिको मिति २०७२/०६/१२ को निर्णयबाट यसमा परिमार्जन गरी दैनिक भत्ता एकमुष्ट रू.१२००/- कायम गरेको छ । स्वयंसेवकहरूले यात्रा गरे वापत प्रचलित दर अनुसारको गाडी भाडाको सुविधा प्राप्त गर्ने छन् ।

## ४.७ **कार्यशर्त** (TOR)

जिल्लामा परिचालित हुने प्रत्येक स्वयंसेवकहरूले राष्ट्रिय विकास स्वयंसेवक सेवाद्वारा निर्धारित कार्यशर्त बमोजिम आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ । यस्ता कार्यशर्तहरू स्वयंसेवकहरूको विषय क्षेत्र र पद अनुसार फरक-फरक हुन्छन् । हाल स्वयंसेवक परिचालित भएका विषय क्षेत्रहरू स्वास्थ्य, कृषि सेवा, पशु सेवा, सार्वजनिक निर्माण र अन्य तर्फका लागि वेग्ला वेग्लै कार्यशर्त व्यवस्था गरिएको छ । यस्ता कार्यशर्तहरू स्वयंसेवकहरूलाई नियुक्ति पत्रका साथ संलग्न गरी प्रदान गरिन्छ । जिल्ला जिल्लामा तोकिएका स्वयंसेवक संयोजकको हकमा विषयक्षेत्रगत कार्यशर्तका अतिरिक्त अन्य कार्यशर्त समेत थप तोकिएको छ ।

### ४.७.१ जनस्वास्थ्य तर्फका स्वयंसेवकको कार्यशर्त

- स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले तोके अनुसारको सम्बन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,

- सम्बन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय वा राष्ट्रिय विकास स्वयंसेवक सेवाले तोकेको स्वास्थ्य सम्बन्धी निकाय/सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको कार्य ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वास्थ्य/सरसफाइ, स्वास्थ्य शिविर, घुम्ती स्वास्थ्य सेवा, गाउँघर क्लिनिक, महामारीको प्रतिरोध लगायत सरकारद्वारा संचालित स्वास्थ्य सम्बन्धी राष्ट्रिय अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,
- आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,
- स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरूमा सहजकर्ताको रूपमा कार्य गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरूमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,
- समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरूको विरूद्धमा जनचेतना अभिवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले जिल्लागत रूपमा तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय वा राष्ट्रिय विकास स्वयंसेवक सेवाको पूर्व स्वीकृति बेगर आफ्नो कार्यक्षेत्र छोड्नु हुँदैन,
- यसमा तोकिएको बाहेक राष्ट्रिय विकास स्वयंसेवक सेवाको निर्देशक वा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

### ४.७.२ पशु सेवा तर्फका स्वयंसेवकको कार्यशर्त

- स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले तोके अनुसारको सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला पशु सेवा कार्यालय वा राष्ट्रिय विकास स्वयंसेवक सेवाले तोकेको पशु स्वास्थ्य सम्बन्धी निकाय/सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको कार्य ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,
- स्थानीय स्तरमा पशु स्वास्थ्य सिविर, घुम्ती पशु स्वास्थ्य सेवा, पशु महामारीको प्रतिरोध लगायत सरकारद्वारा संचालित पशु स्वास्थ्य सम्बन्धी राष्ट्रिय अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,
- आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वास्थ्य/सरसफाइ, वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरूमा सहजकर्ताको रूपमा काय गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरूमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,
- समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरूको विरूद्धमा जनचेतना अभिवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

- राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले जिल्लागत रूपमा तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला पशु सेवा कार्यालय वा राष्ट्रिय विकास स्वयंसेवक सेवाको पूर्व स्वीकृति बेगर आफ्नो कार्यक्षेत्र छोड्नु हुँदैन,
- यसमा तोकिएको बाहेक राष्ट्रिय विकास स्वयंसेवक सेवाको निर्देशक वा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

### ४.७.३ कृषि विकास तर्फका स्वयंसेवकको कार्यशर्त

- स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले तोके अनुसारको सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा राष्ट्रिय विकास स्वयंसेवक सेवाले तोकेको कृषि सम्बन्धी निकाय/सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको कार्य ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,
- स्थानीय स्तरमा कृषि मेला/प्रदर्शनी, बिउ, बिषादी, मिनी किट वितरण कार्यक्रम, तरकारी/पोषण तालिम, भकारो/गोठ सुधार, कृषक समूह गठन/पुनर्गठन जस्ता कार्यक्रमहरूमा संलग्न भई कार्य गर्नुपर्ने छ,
- आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वास्थ्य/सरसफाइ, वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरूमा सहजकर्ताको रूपमा काय गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरूमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,
- समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरूको विरूद्धमा जनचेतना अभिवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले जिल्लागत रूपमा तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा राष्ट्रिय विकास स्वयंसेवक सेवाको पूर्व स्वीकृति बेगर आफ्नो कार्यक्षेत्र छोड्नु हुँदैन,
- यसमा तोकिएको बाहेक राष्ट्रिय विकास स्वयंसेवक सेवाको निर्देशक वा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

### ४.७.४ सार्वजनिक निर्माण तर्फका स्वयंसेवकको कार्यशर्त

- स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले तोके अनुसारको सम्बन्धित जिल्ला विकास समितिको कार्यालयको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,

- सम्बन्धित जिल्ला जिल्ला विकास समितिको कार्यालय वा राष्ट्रिय विकास स्वयंसेवक सेवाले तोकेको सार्वजनिक निमार्ण सम्बन्धी निकाय/परियोजना स्थलमा रही सम्बन्धित कार्यालयको कार्य ढाँचा अनुसार कार्य सम्पादन गर्नुपर्ने छ,
- स्थानीय स्तरमा विपद्बाट क्षति भएका भौतिक संरचनाहरूको कारणले सिर्जित अवस्थामा नागरिकहरूको दैनिक जन-जीवनमा सहजीकरण गर्ने कार्यमा संलग्न हुनुपर्ने छ,
- आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,
- स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान जस्ता कार्यक्रमहरूमा सहजकर्ताको रूपमा काय गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरूमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,
- समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरूको विरूद्धमा जनचेतना अभिवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुर्‍याउनु पर्नेछ,
- राष्ट्रिय विकास स्वयंसेवक सेवाले जिल्लागत रूपमा तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला विकास समितिको कार्यालय वा राष्ट्रिय विकास स्वयंसेवक सेवाको पूर्व स्वीकृति बेगर आफ्नो कार्यक्षेत्र छोड्नु हुँदैन,
- यसमा तोकिएको बाहेक राष्ट्रिय विकास स्वयंसेवक सेवाको निर्देशक वा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ।

# परिच्छेद ५

## स्वयंसेवा

यस परिच्छेदमा स्वयंसेवा एवं स्वयंसेवकका विविध पक्ष बारे जानकारी प्रस्तुत गर्ने उद्देश्यबाट निम्न पक्षहरूमा चर्चा गरिएको छ :-

### ५.१ स्वयंसेवा

मानव सभ्यताको शुरूदेखि नै स्वयंसेवाको प्रादुर्भाव भएको मानिन्छ। सम्भवतः मानव मात्रको एकल सामर्थ्यले परिस्थितिको सामना गर्न नसकेको अवस्थाको महसुसबाट स्वयंसेवाको अभ्यास भएको हो । स्वयंसेवा व्यक्ति स्वयंको आत्माबाट उत्प्रेरित भई गरिने सेवा भएकोले यो विषय सामाजिक जीवनको अभिन्न अंगको रूपमा रहेको पाइन्छ । समाज समूह/गणबाट क्रमशः राज्य तर्फ विकसित भई आजको रूप धारण गरेको र राज्य संचालनका लागि आवश्यक पर्ने विभिन्न सेवाहरू विकसित एवं व्यवस्थित हुँदै गएको हो । यद्यपी, राज्यको जीवनमा स्वयंसेवा सबै भन्दा पूरानो सेवा वा आदिम सेवाको रूपमा मान्न सकिन्छ । स्वयंसेवा आजको समयसम्म आइपुग्दा पनि विश्वव्यापी स्तरमा अभ्यासमा र मानव भावनामा पाइन्छ । तथापी, परम्परागत स्वयंसेवाका अलवा संगठित एवं व्यवसायिक स्वयंसेवा समेत विस्तारित रूपमा अभ्यासमा छ ।

अन्तर्राष्ट्रिय स्तरमा Volunteerism शब्दको प्रयोग सन् १८४४ मा भएको देखिन्छ। तत्पश्चात्, स्वयंसेवाले पनि क्रमशः अन्तर्राष्ट्रिय स्वरूप ग्रहण गरी आज विश्वव्यापी बन्न पुगेको छ। संसारभर आजभोलि सरकारी, गैर-सरकारी, निजी र अन्तर्राष्ट्रिय स्तरबाट स्वयंसेवाको प्रवर्द्धन र स्वयंसेवक परिचालन जस्ता कार्यहरू भइरहेका छन् । संयुक्त राष्ट्र संघले आफ्नो विशेषज्ञ अंग UNV मार्फत् अन्तर्राष्ट्रिय स्तरमा स्वयंसेवाको संयोजन एवं प्रवर्द्धन गरिरहेको छ । स्वयंसेवकको विश्वव्यापी भूमिकालाई सम्मान गर्दै संयुक्त राष्ट्र संघले सन् १९८५ देखि प्रत्येक वर्षको डिसेम्बर ५ लाई अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसको रूपमा मनाउँदै आएको छ ।

स्वयंसेवालाई नेपालको परिप्रेक्ष्यमा धार्मिक दृष्टिकोण, पुण्य कमाउने अवसर तथा नैतिक मूल्य र मान्यताका साथ सेवामा समर्पण हुने अवसरको रूपमा ग्रहण गरिएको छ । लाभ-हानीलाई गौण राखी परोपकारी क्रियाकलापमा संलग्न रही सहयोगी भावनाको अटुट प्रदर्शन नै स्वयंसेवाको मर्म हो । मानवीय भाइचारा र निस्वार्थ सेवा यसका विशिष्ट पक्षहरू हुन् ।

नेपाली समाजमा स्वयंसेवा लोक कल्याण एवं समाज सेवाको विशिष्ट पहिचानका रूपमा परापूर्व कालदेखि अभ्यासमा रही आएको हुँदा यसलाई सामाजिक क्रियाकलापहरूको आधारको रूपमा समेत अवलम्बन गर्न सकिन्छ । परम्परागत स्वयंसेवालाई सामाजिक जागरण एवं एकीकरणको आधारका रूपमा उपयोग गर्न सकिने तथा संगठित एवं व्यवसायीक स्वयंसेवालाई देश विकासको लक्ष्य प्राप्ति गर्ने माध्यमका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

स्वयंसेवी क्रियाकलापहरूमा अन्य स्वयंसेवी हातहरू पनि थपिदै जाने भएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै स्वयंसेवक सेवाको अभिवृद्धि हुने क्रम बढ्दो छ ।

स्वयंसेवाको बारेमा अनुसन्धानकर्ता, विज्ञ, समाजसेवी, समाजशास्त्रीहरूले विभिन्न व्यख्या गरेको र अर्थ लगाएको पाइन्छ । तथापी, ती सबैको भावमा भने एकरूपता रहेको महसुस गर्न सकिन्छ ।

Merriam-Webster का अनुसार स्वयंसेवा भन्नाले The act or Practice of doing volunteer work in community service" भनी स्वयंसेवालाई परिभाषित गरिएको छ । त्यसैगरी, Dictionary.Com का अनुसार The policy or practice of volunteering one's time or talents for charitable, educational, or other worthwhile activities, especially in one's community" भनी स्वयंसेवालाई अर्थ्याइएको छ ।

माथिका अर्थ एवं परिभाषाबाट पनि व्यक्ति स्वयंले समुदाय वा समाज वा संस्थाको हितको लागि गर्ने कार्यलाई स्वयंसेवा भन्न सकिने भाव खिच्न सकिन्छ ।

## ५.२ स्वयंसेवक

स्वयंसेवाको अभ्यास गर्ने व्यक्ति नै स्वयंसेवक हो । व्यक्ति स्वयंले असल कार्यका लागि आफूलाई सेवामा समर्पित गर्नु नै स्वयंसेवाको अभ्यास हो । स्वयंसेवकको बारेमा विभिन्न अर्थ एवं परिभाषाहरू पाइन्छ । Volunteer भन्ने शब्द प्रयोगको अभिलेख पहिलो पटक सन् १७५५ मा भएको देखिन्छ । तत्पश्चात् यसको प्रयोगमा क्रमशः विस्तार हुँदै विश्वव्यापी हुन गएको छ । Dictionary.Com का अनुसार "A person who voluntarily offers himself or herself for a service or undertaking" भनी स्वयंसेवकको परिभाषा दिइएको छ । त्यसैगरी, स्वयंसेवकका अन्य परिभाषाहरूमा "A person who freely offers to take part in an enterprise or undertake a task", "A person who wokrs for and organization without being paid", "A person who offers to do something without being forced". आदि रहेका छन् ।

## ५.३ असल स्वयंसेवकमा हुनु पर्ने गुणहरु

भनिन्छ स्वयंसेवक आम व्यक्तिहरू भन्दा भिन्न सोँच र शैली भएका व्यक्तिहरू हुन् । सामन्यतया सेवाको भावना भएका र काममा तत्परता भएका व्यक्तिहरू स्वयंसेवाको कार्यमा संलग्न हुने गरेको पाइन्छ । स्वयंसेवामा त्याग र समर्पणका साथ कार्य गरिने हुँदा स्वयंसेवकहरू समाजमा अनुकरणीय व्यक्तिका रूपमा समेत मानिन्छन् । फ्लोरेन्स नाइटिङ्गेल, मदर टेरेसा, हेनरी ड्युनान्ट आदि व्यक्तिहरूले स्वयंसेवाको जगतमा अनुकरणीय काम गरेकोले वहाँहरूको व्यक्तित्वलाई आज विश्वव्यापी प्रेरणा श्रोतको रूपमा ग्रहण गरिनुको कारण पनि यही हो । स्वयंसेवक एउटा Role Model व्यक्ति पनि हो जसका छुट्टै गुण/चरित्र/भाव (Quality/Traits/Attributes) रहेका हुन्छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

- Flexibility
- Patience
- Openness
- Dependability
- Humility
- Enthusiasm
- Energy
- Passion
- Creativity
- Team Player
- Integrity
- Reliability
- Commitment

# परिच्छेद ६

## स्वयंसेवाको प्रवर्द्धन

राष्ट्रिय विकास स्वयंसेवक सेवाले नेपालमा स्वयंसेवा (Volunteerism) बारे जनचेतना अभिवृद्धि गरी समुदायमा स्वयंसेवाको भावना जागृत गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु समेत सञ्चालन गरिरहेको छ । देशका विभिन्न स्थानहरुमा स्वयंसेवाको प्रवर्द्धन एवम् प्रचार प्रसारका लागि विभिन्न समयमा गोष्ठीहरु/अर्न्तक्रियाहरू पनि सम्पन्न हुँदै आएका छन् । राष्ट्रिय विकास स्वयंसेवक सेवाले केन्द्र तथा स्वयंसेवक परिचालन भएका जिल्लाहरूमा समेत स्वयंसेवाको प्रवर्द्धन हुने खालका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।

### ६.१ अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस

सन् १९८५ देखि नै अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस (International Volunteers Day, IVD) मनाउन शुरू गरिएता पनि राष्ट्रिय विकास स्वयंसेवक सेवाले सन् २००१ देखि प्रत्येक वर्ष डिसेम्बर ५ का दिन अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस (International Volunteers Day, IVD) मनाउने गरेको छ । आर्थिक वर्ष २०६७/६८ सम्म लक्षित कार्यक्रम सञ्चालित भएको अवस्थामा जिल्लास्तरमा समेत अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस मनाउन बजेटको व्यवस्था गरिएको थियो । यस्ता कार्यक्रमहरूमा स्वयंसेवक तथा सम्बन्धित कार्यालयका पदाधिकारी, समाजसेवी/स्वयंसेवी संघ-संस्था समेतको सहभागितामा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिएका थिए ।

सन् २०१५ मा "Your World is Changing. Are You? Volunteer!" भन्ने नाराका साथ अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस डिसेम्वर ५, २०१५ मनाइयो । उक्त अवसरमा संयुक्त राष्ट्र संघीय स्वयंसेवा कार्यक्रम (UNV) को नेपाल स्थित कार्यालयद्वारा आयोजित विशेष कार्यक्रममा राष्ट्रिय विकास स्वयंसेवक सेवाले सक्रिय रूपमा भाग लियो । कार्यक्रममा सहभागीहरूका लागि IVD-2015 को नारा अंकित टि-सर्ट र क्याप वितरण गरियो । साथै सो अवसरमा राष्ट्रिय योजना आयोगका तत्कालिन उपाध्यक्ष र निमित्त सचिवबाट व्यक्त शुभकामना शन्देश प्रकाशन गरियो । यसरी स्वयंसेवाको प्रवर्द्धन तथा स्वयंसेवी संस्थाहरूसँग सहकार्य अभिवृद्धि गर्ने मञ्चको रूपमा राष्ट्रिय विकास स्वयंसेवक सेवाले अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस मनाउने गरेको छ ।

### ६.२ स्वयंसेवी/सामुदायिक संस्था सहयोग कार्यक्रम

राष्ट्रिय विकास स्वयंसेवक सेवाले स्वयंसेवी भावनाको प्रवर्द्धनको लागि विभिन्न समाजसेवी तथा स्वयंसेवी संघ-संस्थाहरूलाई सहयोग गर्दै आएको छ । विगतका वर्षहरूदेखि नै स्वयंसेवी तथा समाजसेवी भावनाबाट प्रेरित भई सञ्चालित जेष्ठ नागरिक आश्रमहरूमा जेष्ठ नागरिकका लागि आवश्यक सामग्री उपलब्ध गराउने र विपन्न समुदायका विद्यार्थीहरूलाई सहयोग पुग्ने गरी विभिन्न सामुदायिक विद्यालयहरूमा पोशाक, पुस्तकालय सामग्री, शैक्षिक सामग्रीहरू वितरण गरिएको छ ।

### ६.३ स्वयंसेवाबारे वृत्तचित्र, रेडियो तथा टेलिभिजन वहस कार्यक्रम

स्वयंसेवाको प्रवर्द्धनको लागि राष्ट्रिय विकास स्वयंसेवक सेवाद्वारा सञ्चालित कार्यक्रमहरूको स्थलगत वृतचित्त निर्माण तथा प्रशारण गरी स्वयंसेवकहरूले सार्वजनिक सेवा प्रवाह तथा स्वयंसेवी भावनाको प्रवर्द्धनमा पुऱ्याएको योगदानको प्रचार प्रसार गरिएको छ । साथै विभिन्न सान्दर्भिक अवसरहरूमा स्वयंसेवा सम्बन्धी रेडियो तथा टेलिभिजन बहश कार्यक्रमहरू सम्पन्न भएका छन् ।

### ६.४ स्वास्थ्य शिविर सहयोग कार्यक्रम

स्वयंसेवी व्यक्ति/संस्था तथा सरकारी पहलमा सञ्चालन गरिने समुदायस्तरका स्वास्थ्य शिविर कार्यक्रमहरूलाई राष्ट्रिय विकास स्वयंसेवक सेवाको तर्फबाट सहयोग प्रदान गरिएको छ । आर्थिक वर्ष

२०७२/०७३ मा २ वटा कार्यक्रमहरूलाई सहयोग गरिएको छ । यस्ता कार्यक्रमहरूमा राष्ट्रिय विकास स्वयंसेवक सेवाका स्वयंसेवकहरू समेत सक्रिय रूपमा सहभागी हुने गर्दछन् ।

## ६.५ स्वयंसेवक आदान-प्रदान कार्यक्रम

राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट परिचालित स्वयंसेवकहरूलाई विषयगत कार्यालय अन्तर्गत विभिन्न स्थलहरूमा कार्यरत स्वयंसेवकहरूको अनुभव आदान-प्रदान गर्ने कार्यक्रम आर्थिक वर्ष २०६९/०७० देखि शुरूवात गरिएको छ । यसबाट स्वयंसेवकहरूले फरक स्थान र परिवेशको ज्ञान आदानप्रदान गर्ने र सो अनुरूप आफ्नो कार्यक्षेत्रमा अनुशरण गरी सेवा प्रवाह कार्य प्रभावकारी हुने अपेक्षा सहित कार्यक्रमको तर्जुमा गरिएता पनि आर्थिक वर्ष २०७२/०७३ मा विविध कारणले स्वयंसेवक आदान-प्रदान कार्यक्रम (Volunteer Exchange Program-VEP) सम्पन्न हुन सकेन । आउँदा दिनहरूमा VEP कार्यक्रम अन्य संघ-संस्थाद्वारा परिचालित स्वयंसेवकहरूको कार्यस्थलको समेत अनुभवको आदान-प्रदान हुने गरी सम्पन्न गर्ने सोच लिइएको छ ।

## ६.६ स्वयंसेवी संस्थाहरुको प्रोफाइल प्रकाशन

समान कार्यप्रकृति भएका विभिन्न संघ-संस्थाहरूसँग राष्ट्रिय विकास स्वयंसेवक सेवाले विगत देखि नै सहकार्य गर्दै आएको छ । यस्ता संघ-संस्थाहरूले समेत राष्ट्रिय विकास स्वयंसेवक सेवासँग आपसी भाइचारा अभिवृद्धि गर्ने, स्वयंसेवाको क्षेत्रलाई फैलाउँदै विकासका लक्ष्य प्राप्तिमा सहयोग गर्ने र सूचनाको सँगठित आदान-प्रदान गर्ने उद्देश्यका साथ सहकार्य गर्ने गरेका छन् । तिनै संघ-संस्थाहरूको अध्यावधिक प्रोफाईल तयार गरी प्रकाशन गर्ने गरिएको छ । यस प्रोफाइलबाट समाजमा क्रियाशील स्वयंसेवी संघ-संस्थाहरूबारे जानकारी प्राप्त हुने, स्वयंसेवाको प्रवर्द्धन एवम् स्वयंसेवी क्रियाकलापहरू संगठित रूपमा अघि बढाउन मद्दत मिल्ने अपेक्षा गरिएको छ । आर्थिक वर्ष २०७२/०७३ मा भने राष्ट्रिय विकास स्वयंसेवक सेवाले विभिन्न विषयक्षेत्रमा संलग्न स्वयंसेवी संस्थाहरूको विवरण परिमार्जन गरी प्रोफाइलको रूपमा प्रकाशन गरेन ।

## ६.७ उत्कृष्ट स्वयंसेवक सम्मान कार्यक्रम

राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत विभिन्न जिल्लाहरूका जिल्ला विकास समितिहरू, जिल्ला कृषि विकास कार्यालयहरू, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरू, जिल्ला पशु सेवा कार्यालयहरू र संघ/संस्थाहरूको साझेदारीमा कार्यरत समेत सम्पूर्ण स्वयंसेवकहरू मध्येबाट वार्षिक रूपमा सेवा केन्द्रहरूमा कार्यरत रही उत्कृष्ट कार्य सम्पादन भएका स्वयंसेवाहरूको चयन गरी सम्मान गर्ने कार्यक्रम आर्थिक वर्ष २०६९/०७० बाट शुरू गरिएको छ । कार्यरत स्वयंसेवकहरू मध्ये विभिन्न सूचकाङ्कको आधारमा मूल्याङ्कन गर्दा उत्कृष्ट ठहरिएकाहरूलाई एक कार्यक्रमको आयोजना गरी सम्मान गर्ने तथा प्रमाणपत्र प्रदान गरिन्छ । यस अवसरमा स्वयंसेवकहरूलाई आफ्नो नियमित जिम्मेबारीका अतिरिक्त स्वयंसेवी भावनाको प्रवर्द्धन, सामाजिक सचेतना अभिवृद्धि जस्ता क्रियाकलापहरूमा सहभागी हुन अभिमुख गरिन्छ । वार्षिक रूपमा उत्कृष्ट स्वयंसेवक छनौट एवम् सम्मान सम्बन्धमा थप जानकारी निम्नानुसार रहेको छ :-

| सि.नं. | आर्थिक वर्ष | उत्कृष्ट स्वयंसेवक संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरूष | |
| १ | २०६९/०७० | १० | ११ | २१ |
| २ | २०७०/०७१ | १३ | १४ | २७ |
| ३ | २०७१/०७२ | १८ | १८ | ३६ |
| ४ | २०७२/०७३ | १६ | २७ | ४३ |
| | जम्मा | ५७ | ७० | १२७ |

# परिच्छेद ७

## व्यवस्थापकीय पक्षहरू

### ७.१. वित्तीय स्रोत व्यवस्था

राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम हाल पूर्ण रूपमा नेपाल सरकारको आर्थिक स्रोतबाट संचालित छ । विगतमा दातृ निकाय एवं अन्तर्राष्ट्रिय संस्थाहरू DFID, UNDP/UNV, UNESCAP र KOICA को सहयोग समेत प्राप्त गरी राष्ट्रिय विकास स्वयंसेवक सेवाले लक्षित कार्यक्रम कार्यान्वयन, स्वयंसेवक परिचालन र राष्ट्रिय विकास स्वयंसेवक सेवाको सुदृढिकरण जस्ता कार्यहरू सम्पन्न गरेको छ । साथै यस्ता दातृ निकायको सहयोगबाट राष्ट्रिय विकास स्वयंसेवक सेवाको क्षमता विकास तथा संस्थागत सुदृढिकरणमा ठोस योगदान पुगेको छ ।

### ७.२. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

स्वयंसेवकहरुले गर्ने कार्यको नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने प्रमुख दायित्व स्वयंसेवक परिचालन तथा उपयोग गर्ने जिल्लास्थित जिल्ला विकास समिति/विषयगत कार्यालयहरूको हो । यसका अतिरिक्त राष्ट्रिय योजना आयोगको सचिवालय र राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट समेत नियमित रुपमा स्थलगत निरीक्षण गरी सञ्चालित कार्यक्रमहरु तथा स्वयंसेवकहरूको कामको अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको छ । अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणका विषयवस्तु उपर छलफल गरी तत् सम्बन्धमा परिमार्जन/सुधार गर्ने परिपाटी रहेको छ । राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत विभिन्न जिल्लाहरूमा परिचालित स्वयंसेवकहरूको स्थलगत अनुगमन कार्यलाई अझ बढी प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोग/राष्ट्रिय योजना आयोगको सचिवालयबाट जिल्ला अनुगमनमा जानु हुने पदाधिकारी/कर्मचारीहरूले समेत स्वयंसेवकहरूको कार्यको अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । यसका लागि जिल्ला भ्रमणमा जानु हुने पदाधिकारी/कर्मचारीहरूको जिल्ला भ्रमण कार्यक्रम सचिवालयले राष्ट्रिय विकास स्वयंसेवक सेवालाई अग्रिम रूपमा जानकारी गराउने र सम्बन्धित जिल्लाको स्वयंसेवक संयोजक तथा कार्यरत स्वयंसेवकहरूको विवरण राष्ट्रिय विकास स्वयंसेवक सेवाले वहाँहरूलाई उपलब्ध गराउने गरेको छ । साथै स्वयंसेवक परिचालनका विविध पक्षहरूमा देखिएका समस्याहरूका सम्बन्धमा छलफल तथा समाधानको लागि राष्ट्रिय विकास स्वयंसेवक सेवाको कार्यकारी समिति तथा मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (MDAC) तथा राष्ट्रियस्तर विकास समस्या समाधान समिति (NDAC) मा समेत प्रस्तुत गर्ने गरिएको छ ।

### ७.३. Volunteer Management Information System (VMIS)

Also known as VMIS, Volunteer Management Information System is intranet-based computer software that provides a unique experience of storing, processing and reporting volunteers' information. Following the principles of Management Information System (MIS), it gives the managers a reliable and real-time data on which their decision making can rely upon.

VMIS started at NDVS in 2012 in order to incorporate the individual as well as professional information of existing volunteers. Gradually, we came to realize that there is a huge scale of information not only of existing volunteers but those of already ousted.

So, VMIS has been continuously improved to integrate new dimensions of information into it.

The NDVS has deployed more than 12000 volunteers since its commencement in March 1999. But it is becoming more difficult to find the records of who worked where in what capacity. It has a long history of volunteer mobilization and therefore it is important to record the individual information of volunteers.

Many volunteers need some kind of recognition such as the written certificate from the NDVS, and updated information is required to deliver such document on time.

Some external organizations are also interested in knowing about the NDVS volunteer whilst our ex-volunteers intend to work with them.

On the other hand, NDVS has to initiate online application facilities for the interested candidate. For that end, it is necessary to provide all the available information via online and receive the applications.

Therefore, NDVS must have some kind of record maintaining as well as information sharing software that would be used in a daily basis. That is how the concept of VMIS emerged and it is being in practice. Recently National Development Volunteer Service (NDVS) has updated the VMIS with the introduction of new facilities which are explained as below.

**Access to Everyone**




National Development Volunteer Service (NDVS) is aiming to transparent it's all information related to volunteers who are associated with this institution. In this regards, NDVS have come up with innovative and user-friendly mechanism of volunteer information management system by accepting online application, recruiting them as volunteer, track their progress and manage via **www.volunteer.gov.np**.

Public can easily access to the volunteers profile who have been working under different sectors like agricultural, engineering, livestock, health etc. by browsing the link **www.volunteer.gov.np**. Training received, experience gained and contribution made by volunteers could be visible. News announcement, events report, photos videos and documentation correlated to volunteers are easily observable to visitors. Another important

feature of this system is volunteers can use their profile for future endeavor as a reference.

### Online application

Anyone who are interested to work as a volunteers' for prosperity of Nepal can submits their application by signing up with the system, for this their email must be verified. After verification of email they can get access to the system and get permission to submit the application by online. After submitting the application applicant will receive an email with registration number. The registration number are unique identification of applicant which will be use throughout their volunteering spell. It must be kept safely by applicant himself or herself.




### Province wise volunteer's management and recruitment




Since Nepal has already been ) federal system, all information f applicant will be managed as er their province. NDVS will be ssigning role and responsibility ) their province personnel. uring the recruitment process of pplicant province supervisor will ecommend them to appoint ther as volunteers or olunteers' coordinator to the irector. After reviewing his/her pplication director will approved him or her as volunteers or volunteers' coordinator. Only then after their profile will be accessible to general public within website.

### Volunteer progress tracking

Recently huge number of volunteers' are associate with NDVS. It's quite challenging to record their working efficiency. To mitigate this challenges NDVS system have features that volunteers coordinator can report about the volunteers who are working under him/her to the province supervisor. So that province supervisor can be fully aware of their volunteer and volunteer's coordinator performance. System will also be helpful to award the "Best Volunteer of the Year". Based on performance tracking province

supervisor or director can take action immediately, such feature is also available within system.

### Volunteer Data Analysis




This system can analyze all the recorded data. They can study data in many forms. It records all the information about it's applicant like numbers of application, gender, caste and province. System also helps to analyze their volunteers' information like number of volunteers their gender, caste, education, experience, province. Similarly, list of active gender and province volunteers and retired volunteers statics can also be explored.

# परिच्छेद ८

## योजनामा स्वयंसेवा

नेपाली समाजमा परापूर्व कालदेखि नै स्वयंसेवाको विकास भएको पाइन्छ । संगठित/व्यक्तिगत रूपमा स्वयंसेवाले सामाजिक परिवेशका विभिन्न अवसरहरूमा योगदान पुऱ्याउँदै आएको छ। देशमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट शुरू भए यता आवधिक योजनाहरूले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा स्वयंसेवी क्रियाकलापहरूलाई बढावा दिदै आएका छन् । यस अवधिमा थुप्रै राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले संगठित एवम् व्यवसायिक रूपमा स्वयंसेवी क्रियालापहरू संचालन गर्दै आएको पाइन्छ । सरकारी स्तरमा समेत स्वयंसेवालाई जनस्तरमा चेतना जगाउने एवं सार्वजनिक सेवा प्रवाहमा सहयोग पुऱ्याउने माध्यमका रूपमा अपनाउदै आएको अवस्था छ। सन् १९७४ को त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालित NDS कार्यक्रम, सन् १९८९ बाट सुरू भएको FCHV कार्यक्रम र सन् १९९९ बाट शुरू भएको NDVS कार्यक्रमलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

२०४६ सालको परिवर्तन पश्चात लागू भएका आवधिक योजनाहरूले स्वयंसेवी क्रियाकलापहरूलाई महत्व दिने र जन परिचालन गर्ने खालका नीति तथा कार्यक्रमहरूलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा क्रमशः प्राथमिकता प्रदान गरेको पाइन्छ । यस परिच्छेदमा स्वयंसेवा सम्बन्धी केही योजनाहरूको सारसंक्षेप र केही योजनाहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छ :-

### ८.१ आठौं योजना (२०४९-२०५४)

युवा जनशक्तिलाई आर्थिक, सामाजिक विकासको लागि परविर्तन कारी भूमिकामा परिचालन गर्ने ।

### ८.२ नवौं योजना (२०५४ - २०५९)

युवा वर्गलाई ग्रामीण तथा सामुदायिक विकासमा परिवर्तनका वाहक (Change Agent) को रूपमा परिचालन गर्ने ।

### ८.३ दशौं योजना (२०५९ - २०६४)

देशलाई आवश्यक पर्ने सक्षम सवल र अनुशासित जनशक्ति तयार गर्न युवा परिचालन गर्ने ।

### ८.४ तीन वर्षीय अन्तरिम योजना (२०६५ - २०६७)

राष्ट्रिय युवा नीतिलाई विकास निर्माणको कार्यमा युवाहरूको सहभागिता बढाउने, युवामा नवीन सोंच तथा कार्यक्रमहरूलाई सहयोग गर्ने उद्देश्यले विकासमा युवा साझेदारी अनुदान कार्यक्रम गर्ने, विभिन्न जिल्लाहरूमा विकासको कार्यमा स्वयंसेवकहरूको रूपमा युवाहरूलाई परिचालन गर्ने ।

### ८.५ तीन वर्षीय योजना (२०६८ - २०७०)

यस योजनाबाट स्वयंसेवा सम्बन्धी छुट्टै दृष्टिकोण अगाडि बढाइएको पाइन्छ । योजनामा समावेश क्षेत्रगत नीतिहरू मध्ये केहीले स्वयंसेवी क्रियाकलापहरूलाई प्रवर्द्धन गर्ने खालका विषय अघि ल्याएता पनि समग्र स्वयंसेवा

सम्बन्धी नीतिगत व्यवस्था यस योजनाबाट मात्र गरेको पाइन्छ । देशमा संचालित स्वयंसेवी क्रियाकलापहरू मध्ये राष्ट्रिय विकास स्वयंसेवक सेवालाई यस योजनाकालबाट सुशासन र मानव अधिकार अध्याय अन्तर्गत छुट्टै परिच्छेदको रूपमा प्रस्तुत गरी स्वयंसेवालाई उच्च प्राथमिकता दिने कार्यको शुरूवात भएको हो । राष्ट्रिय विकास स्वयंसेवक सेवा सम्बन्धमा यस योजनामा निम्न व्यवस्था (यथारूप) रहेको छः-

### ८.५.१ पृष्ठभूमि

विकासको गतिविधि ग्रामिण भेगसम्म पुऱ्याउन एवम् राज्य र जनताबीच सम्बन्ध विस्तार गर्न सेवा प्रवाहमा गतिशिलता ल्याउन जरूरी हुन्छ । यस परिप्रेक्षमा दशौं योजनाको गरिबी निवारणको लक्ष्यलाई सहयोग पुऱ्याउन आ.ब. २०५५।५६ देखि राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम शुरू भएको हो । शुरूमा २० जिल्लाबाट थालनी भएको यो कार्यक्रम हाल देशभर विस्तार भैसकेको छ । यस कार्यक्रमको सकारात्मक प्रभावले गर्दा थप परिमार्जनसहित कार्यान्वयन गर्नु आवश्यक देखिएको छ ।

### ८.५.२ अद्यावधिक स्थिति

राष्ट्र निर्माणका लागि सेवाको भावनाले समर्पित हुन चाहने उपयुक्त युवा जनशक्तिलाई ग्रामिण तथा स्थानीय विकास कार्यमा संलग्न हुने अवसर प्रदान गर्ने, जनस्तरमा गई विकासको कार्यक्रममा सहयोग पुऱ्याउने, स्वयंसेवाको भावना प्रबर्द्धन गराउने, ग्रामिण स्तरमा रहेको प्राविधिक जनशक्तिको न्यूनतालाई केही हदसम्म परिपूर्ति गर्ने, अल्पकालिन रोजगारीको सृजना गर्ने, विदेशमा कार्यरत दक्ष नेपाली तथा विभिन्न सेवाहरूबाट अवकास प्राप्त व्यक्तिहरूलाई स्वयंसेवक भई नेपालको ग्रामिण क्षेत्रमा सेवा गर्न आकर्षित गर्ने, विकासलाई स्वयं सेवाको भावनासँग जोड्ने, उपयुक्त शिक्षा एवं सीप भएका युवा जनशक्तिलाई दुर्गम जिल्लाहरूमा गई सेवा गर्न अभिप्रेरित गर्ने जस्ता कार्यमा यस सेवाले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । हालसम्म लगभग ८००० जनाले यस संस्था मार्फत स्वयंसेवा गर्ने अवसर प्राप्त गरिसकेका छन् । स्वयंसेवाको कार्यलाई अझ बढी प्रभावकारी र व्यवस्थित गराउने उद्देश्यले कृषि तथा पशु, स्वास्थ्य, शिक्षा र इन्जिनियरिङ्ग क्षेत्रका प्राविधिकहरूलाई मागको आधारमा विशेष गरी ग्रामिण, पिछडिएका क्षेत्रमा, हिमाली र उच्च पहाडी क्षेत्रमा रहेको शिक्षकको न्यूनतालाई केही हदसम्म परिपूर्ति गर्न अंग्रेजी, विज्ञान र गणित विषयका स्नात्तकोत्तर र स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरूलाई ती क्षेत्रहरूमा मा.वि. र उच्च तहको स्वयंसेवक शिक्षकको रूपमा परिचालन गर्न उपयुक्त देखिएको छ । साथै, स्वयंसेवकको क्षमता विकास र भावनाको अभिप्रेरित गरी विदेशमा पनि स्वयंसेवकको भूमिका निर्वाह गर्न सक्षम तुल्याउन आवश्यक देखिएको छ ।

### ८.५.३ समस्या तथा चुनौती

स्वयंसेवी संस्थाहरू बीच समन्वय र सहकार्यमा कमी, स्वयंसेवकलाई स्पष्ट कार्यक्षेत्र यकिन गर्न नसकिएको, स्वयंसेकको माग र आपूर्तिबीच तालमेल मिलाउन नसकिएको जस्ता समस्याहरू रहेका छन् । स्वयंसेवाको महत्वलाई समाज र स्थानीय स्तरमा स्थापित गर्नु चुनौतिपूर्ण रहेको छ ।

### ८.५.४ दीर्घकालीन सोच

स्वयंसेवाको प्रबर्द्धनबाट समाजमा स्वयंसेवी भावना स्थापित गराई देशको आर्थिक तथा सामाजिक विकासका योगदान पुऱ्याउने साथै यसकै माध्यमबाट वैदेशिक रोजगारीको अवसर सिर्जना गर्ने ।

### ८.५.५ उद्देश्य

स्वयंसेवा गर्न चाहने निश्चित योग्यता र अनुभव भएका युवा तथा व्यक्तिहरू परिचालन गरी गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउनु ।

८.५.६ रणनीति

स्थानीय आवश्यकता अनुसार विकास कार्यमा योगदान दिन विभिन्न विषयमा ज्ञान, सीप र दक्षता भएका व्यक्तिहरूलाई स्वयंसेवकको रूपमा परिचालन गर्ने ।

८.५.७ कार्यनीति

१. विभिन्न सरकारी एवं उपभोक्ता महासंघ, स्वयंसेवी संस्था जस्ता विकाससँगको साझेदारीमा स्वयंसेवक परिचालन गरिनेछ ।

२. स्वयंसेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरिनेछ ।

३. स्थानीय माग तथा आवश्यकतानुसार स्वयंसेवकको व्यवस्थापन गरिनेछ ।

४. स्वयंसेवामा महिला, दलित, जनजाती, मधेशी, दर्गम तथा सीमान्तकृत समूहका युवायुवतीहरूलाई प्राथमिकता दिइनेछ ।

५. दैवी प्रकोप एवं सामाजिक सुरक्षा लगायतका अन्य क्षेत्रहरूको पहिचान गरी सोही बमोजिम स्वयंसेवकहरूको परिचालन गरिनेछ ।

६. "राष्ट्रिय विकास स्वयंसेवक सेवा" को संगठनात्मक संरचनामा सुधार गरिनेछ ।

८.५.८ प्रमुख कार्यक्रम

स्वयंसेवक परिचालनको लागि आवश्यक नीति, निर्देशिका/कार्यविधि र आचार संहिता तयार गर्ने, नेपालमा कार्यरत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्वयंसेवक परिचालन गर्ने, विदेशबाट आउने सबै स्वयंसेवकहरूको प्रथम सम्पर्क विन्दुको रूपमा काम गर्ने, स्वयंसेवालाई प्रबर्द्धन गर्ने किसिमका जानकारीमूलक श्रव्य-दृष्य सामग्री तयार गरी प्रचार प्रसार, गोष्ठी तथा छलफल गर्ने, उदाहरणीय कार्य गर्ने स्वयं सेवकलाई प्रोत्साहित गर्न र आचरण विपरीत कार्य गर्ने स्वयंसेवकहरूलाई सजाय गर्ने, विभिन्न विद्यालय तथा महाविद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई आवश्यकता अनुसार इर्न्टनसिपमा खटाउने स्वयं सेवकको अनुभव र दक्षताको माध्यमबाट स्वयं सेवकको रूपमै वैदेशिक रोजगारीका अवसरहरू परिचालन जस्ता कार्यहरू गरिनेछन् ।

८.५.९ अपेक्षित उपलब्धि

१. स्वयंसेवाको प्रबर्द्धन भई मानिसहरू स्वतस्फुर्तरूपमा स्वयंसेवाप्रति आकर्षित भई देशको आर्थिक सामाजिक विकासमा संलग्न भएका हुनेछन् ।

२. सहस्राब्दी विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुगेको हुनेछ ।

## ८.६ तेह्रौ योजना (२०७१ - २०७३)

